# Foreign Direct Investment

## Towards Second Generation of Reforms

**Dr. Bhola Nath Chalise,**
**Pramod Rijal, Vivek Nath Pyakuryal & Akash Shrestha**



Published by
**Samriddhi, The Prosperity Foundation**

# प्रत्यक्ष वैदेशिक लगानी

## नीतिगत सुधारको दोस्रो चरणतर्फ

डा. भोलानाथ चालिसे,
आकाश श्रेष्ठ, प्रमोद रिजाल र विवेकनाथ प्याकुप्याल

जुलाई, २०१३

प्रकाशक
समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन

**प्रकाशक**
समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन
पोष्ट बक्स नं: ८९७३, एन पि सि ६७८
४१६, भिम्सेनगोला मार्ग, मिनभवन खरीबोट
काठमाण्डौ, नेपाल

फोन: (९७७)-१-४४६-४६१६, ४४८-४०१६
फयाक्स: (९७७)-१-४४८-५३९१

ईमेल: info@samriddhi.org
वेबसाईट: www.samriddhi.org

© समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन

यस प्रकाशनको सर्वाधिकार समृद्धि, द प्रोस्पेरिटी फाउण्डेसनमा सुरक्षित छ । यस ंस्थासँग अनुमति नलिईकन, यस पुस्तकको कुनै पनि अंश कुनै पनि माध्यम प्रयोग गरेर कुनै पनि रुपमा प्रकाशित गर्न, पुनःप्राप्त गर्न सकिने पद्धतिमा संग्रह गर्न र वितरण गर्न पाईने छैन । यसको पुनःप्रकाशन वा पुनःप्रयोगको लागि कुनै जानकारी लिनु पर्ने भएमा माथि दिईएको ठेगानामा समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा सम्पर्क गर्न सकिनेछ ।

यस पुस्तकलाई कुनै अन्य कभर वाईण्डिंग हालेर वितरण गर्न पाईने छैन । अन्यको हकमा पनि यही नियम लागू हुनेछ ।

ISBN: ९७८–९९३७–८८०७–२–५

प्रथम संस्करण : जुलाई, २०१३
मुल्य : रु २०० मात्र

# विषयसूची


| | |
|---|---|
| लेखकहरुको परिचय | ख |
| कृतज्ञता | ङ |
| प्राक्कथन | छ |
| १. **परिचय** | १ |
| २. **वैदेशिक लगानी भित्र्याउन सकिने संभावित क्षेत्रहरु** | ५ |
| ३. **नीतिगत सुधारका प्रस्तावनाहरु** | ११ |
| ४. **वैदेशिक लगानी आकर्षित गर्न अघि बढ्ने बाटो** | २७ |
| सन्दर्भ सामग्रीहरु | ३५ |
| अनुसूचीहरु | ३८ |
| समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन : एक परिचय | |

# लेखकहरुको परिचय

## डा. भोलानाथ चालिसे

डा. चालिसे नेपालका ख्याति प्राप्त अर्थशास्त्री हुनुहुन्छ । राष्ट्रिय योजना आयोगका सदस्य-सचिव, स्थानीय विकास मन्त्रालय र उद्योग मन्त्रालयका सचिव, राष्ट्रिय वाणिज्य बैंकको अध्यक्ष, नेपाल विद्युत प्राधिकरणको प्रबन्ध निर्देशक लगायत अन्य विभिन्न सरकारी जिम्मेवारी र ओहदा सम्हाली सक्नुभएका डा. चालिसेले १६ वर्षसम्म सरकारका यी विभिन्न उच्च ओहदामा रहेर देश सेवा गर्नु भएको छ ।

सरकारी जिम्मेवारी सम्हाल्ने क्रममा उहाँले देशको महत्वपूर्ण नीति निर्माण गर्न गहन भूमिका निर्वाह गर्नु भएको छ । खास गरी औद्योगिक व्यवसाय ऐन, १९९२ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, १९९२ तयार गर्न उहाँको विशेष योगदान रहेको छ ।

## प्रमोद रिजाल

श्री रिजाल समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा अनुसन्धान एशोसियटको रुपमा कार्यरत हुनुहुन्छ । यस अघि उहाँ नेपाल डेभलपमेन्ट वाचडग, युनाईटेड स्टेटस् ईन्टिच्यूट फर पिस (युएसआईपी), नेशनल ईकोनोमिक कन्सर्न सोसाईटी- नेपाल जस्ता संस्थाहरु मार्फत संचालित विविध अनुसन्धानमूलक कार्यमा संलग्न हुनुहुन्थ्यो ।

उहाँ क्याम्पियन कलेज र किङ्स कलेजमा अर्थशास्त्रको अध्यापन गराउनुहुन्छ । उहाँले अर्थतन्त्रको विषयमा अनेकन अनुसन्धानमूलक लेखहरु लेखेर प्रकाशित गर्नु भएको छ ।

डा. कमलराज ढुंगेलले लेख्नु भएको ईन्भेष्टमेन्ट प्रस्पेक्ट्स एण्ड च्यालेन्जेज फर हाईड्रोपावर डेभलपमेन्ट ईन नेपाल  नामक पुस्तकको उहाँ सह-लेखक हुनुहुन्थ्यो । यो पुस्तक समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनले सन् २०१२ मा प्रकाशित गरिसकेको छ ।

## विवेकनाथ प्याकुप्याल

श्री प्याकुप्याल समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा अनुसन्धानकर्मीको रुपमा कार्यरत हुनुहुन्छ । उहाँले अष्ट्रेलियाको मेलवर्न विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय सम्बन्ध (ईन्टरनेशनल रिलेशन) विषयमा स्नातोकोत्तर गर्नु भएको छ । उहाँ नेपा स्कूल अफ शोसल साईन्सेज एण्ड ह्युमानिटिजमा अध्यापन गराउनु हुन्छ र नोस्साल ईन्स्टिच्यूट फर ग्लोवल हेल्थ, मेलवर्नको अनुसन्धान फेलो हुनुहुन्छ । उहाँ अहिले राजनीति शास्त्र विषयमा स्वतन्त्र रुपमा अनुसन्धान गरिरहनु भएको छ । श्री प्याकुऱ्यालले यसै क्षेत्रमा विद्यावारिधी गर्ने लक्ष्य राख्नु भएको छ ।

## आकाश श्रेष्ठ

श्री श्रेष्ठ, समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा अनुसन्धान सहायकको रुपमा कार्यरत हुनुहुन्छ । उहाँ नेपाल च्याप्टर अफ युथ फर नेपाल (वाईएफएन)को एक संस्थापक सदस्य हुनुहुन्छ। न्यूयोर्कमा कार्यालय भएको यो संस्था गैर नाफामुखी गैर सरकारी संस्था हो। यस संस्थाले स्वास्थ्य, शिक्षा र वातावरणको क्षेत्रमा नेपाली युवाहरुलाई सामाजिक व्यवसायमुखी सिर्जनात्मक कार्य गर्न प्रोत्सहान दिन्छ । समृद्धिमा संलग्न हुनुअघि उहाँले हिमालयन बैंक लि.मा ईन्टर्नको रुपमा कार्य गर्नु भएको थियो । उहाँ त्रिभुवन विश्वविद्यालय अन्तर्गतको कान्तिपुर कलेज अफ म्यानेजमेन्ट एण्ड ईन्फर्मेशन टेक्नोलजी (केसीएमआईटी)मा व्याचलर अफ विजिनेश एडमिनिष्ट्रशन (बीबीए)को अन्तिम सेमेष्टरमा अध्ययन गर्दै हुनुहुन्छ ।

# कृतज्ञता

प्रस्तुत सँग्रह "प्रत्यक्ष वैदेशिक लगानी - नीतिगत सुधारको दोस्रो चरणतर्फ" समृद्धि फाउण्डेशन र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त प्रयासमा २०११/२०१२ मा प्रकाशित नेपाल आर्थिक वृद्धि एजेण्डा २०१२ (नेगा)मा अध्ययन गरिएका क्षेत्रहरुमा प्रत्यक्ष, अप्रत्यक्ष असर गर्ने ६ मुद्दाहरु मध्येको एक हो । यो संग्रह तयार गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सबै मित्र वर्गमा हामी धन्यवाद टक्र्याउँछौं । हाम्रा अनुसन्धान निर्देशक डा. भोलानाथ चालिसे प्रति हामी विशेष आभारी छौं । उहाँले आफ्नो मूल्यवान समय दिएर यस अनुसन्धान कार्यलाई मार्गनिर्देश गर्नुभयो र उदारतापूर्वक आफूसँग उपलब्ध स्रोत सामग्री प्रदान गरेर यस लेख सँग्रहलाई गहकिलो बनाउन योगदान दिनुभयो । उहाँको सहयोगविना यो पुस्तक यस रुपमा आउन सक्ने थिएन ।

श्री प्रमोद रिजाल, आकाश श्रेष्ठ र विवेकनाथ प्याकुप्यालले यसमा सामग्री तयार पार्न विशेष परिश्रम गर्नु भएकोले उहाँहरु प्रति हामी आभारी छौं । यस पुस्तकको अवधारणा निर्माणमा विशेष योगदान दिनुहुने श्रेया न्यौपाने प्रति पनि हामी कृतज्ञ छौं ।

यसमा समावेश भएका अनुसन्धान लेखहरु तयार पार्न काठमाडौंका विभिन्न क्षेत्रमा कार्यरत अनेकन विशेषज्ञहरुको सहयोग लिईएको छ । विशेष गरी नेपाल राष्ट्र बैंकका निर्देशक डा. नरबहादुर थापा, नेपाल विद्युत प्राधिकरणका पूर्व निर्देशक श्री शशी सागर राजभण्डारी र म्याग्नस कन्सल्टिङ्ग ग्रुपका सह-संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत श्री टिका राई प्रति हामी ऋृणी छौं । उहाँहरुले विशेष समय निकालेर हामीलाई मूल्यवान जानकारी र सुझाव दिनुभयो ।

यस पुस्तकको सामग्री तयार गर्न खर्च गरिएको लामो प्रक्रियामा नेपालका व्यवसायी समुदायका सदस्यहरु, नेपाल सरकारका सम्बन्धित विषयका जानकार

अधिकृतहरु, आर्थिक क्षेत्रका विशेषज्ञहरु, व्यवसाय संचालकहरु तथा विभिन्न क्षेत्रका महानुभावहरुले आफूसँग भएका जानकारी दिएर हामीमा उत्साह भरिदिनुभयो । उहाँहरु पनि विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा, समृद्धि फाउण्डेशनमा कार्यरत अनुसन्धान समूह र कार्यालय सहयोगी समूह प्रति विशेष आभारी छौं । उहाँहरुको लगन, अथक परिश्रम र सहयोगविना यो पुस्तक तयार हुने थिएन । उहाँहरु साधुवादका पात्र हुनुहुन्छ ।

समृद्धि, द प्रोस्पेरिटी फाउनण्डेसन
जुलाई २०१३

# प्राक्कथन

नेपालमा आर्थिक एजेण्डा उठाउने प्रयासको क्रममा समृद्धि फाउण्डेशनले देशको आर्थिक वृद्धिमा बाधा पुऱ्याउने तत्वहरूको वार्षिक विश्लेषण गर्ने र नीतिगत विकल्पहरूको खोजमा लाग्ने प्रतिबद्धता लिएको छ । यो प्रक्रिया जसलाई 'नेपाल आर्थिक वृद्धि एजेण्डा (नेगा)' भनिएको छ, यसले नेपालको आर्थिक विकासमा अल्पकालीन तथा दीर्घकालीन रुपमा रहेका नीतिगत बाधाहरूको पहिचान गर्छ । यो अनुसन्धान पत्र "प्रत्यक्ष वैदेशिक लगानी - नीतिगत सुधारको दोस्रो चरणतर्फ" नेपाल आर्थिक वृद्धि एजेण्डा, २०१३ मा पर्ने ६ मुद्दाहरुमध्ये एक हो ।

यस अघिको नेपाल आर्थिक वृद्धि एजेण्डा २०१२ ले नेपालको आर्थिक विकासका संभावना भएका ५ क्षेत्र (कृषि, शिक्षा, जलविद्युत, यातायात, पर्यटन) का नीतिगत बाधाहरू पहिचान गरि छलफल गरेको थियो । त्यही अनुसन्धानको नयाँ संस्करण, यस नेपाल आर्थिक वृद्धि एजेण्डा २०१३, ती ५ वटै क्षेत्रका विकासमा बाधा पुर्याउने मुद्दाहरूको पहिचान र चर्चा गर्नमा केन्द्रित छ। यसका साथै, यो अनुसन्धानले ती मुद्दाहरूमा देखिएका चूनौतीहरुलाई सम्बोधन गर्नका लागि सुझावहरु पनि पेश गरेको छ। यी विश्लेषण र अनुसन्धान पत्रहरूको उद्देश्य नेपाललाई आर्थिक विकास र समृद्धितिर लग्ने एउटा प्रतिसपर्धी र अनूकूल उद्यम वातावरणको निर्माण गर्नमा सहयोग पुर्याउनु हो ।

नेपाल आर्थिक वृद्धि एजेण्डा २०१३ मा अध्ययन गरिएका ६ मुद्दाहरू औद्योगिक सम्बन्ध, करार कार्यव्यनयन, प्रतिस्पर्धा विरोधी अभ्यासहरु, प्रत्यक्ष वैदेशिक लगानी, सार्वजनिक संस्थान सुधार र व्यवसायहरु सम्बन्धी नियमनहरु हुन् । प्रत्येक अनुसन्धान पत्र त्यस क्षेत्रका विशेषज्ञहरूका साथ परामर्श गरी तयार

पारिएको हो । यी सबै ६ अनुसन्धान पत्रहरु अहिले छुट्टाछुट्टै रुपमा प्रकाशित भएका छन् र सन् २०१३ को अन्त्यमा ६ वटै क्षेत्रहरुमा यी अनुसन्धानहरुले पहिल्याएका मूल चूनौतीहरु तथा समाधानका लागि आवश्यक सुझावहरुको सारांश एउटै नेपाल आर्थिक वृद्धि एजेण्डा, २०१३ का रुपमा सार्वजनिक गरिनेछ । "प्रत्यक्ष वैदेशिक लगानी - नीतिगत सुधारको दोस्रो चरणतर्फ" नामक यस अनुसंधानमूलक लेख डा. भोलानाथ चालिसे, श्री प्रमोद रिजाल, श्री विवेकनाथ प्याकुर्‍याल र श्री आकाश श्रेष्ठको टोलीले तयार पारेको हो ।

विदेशी लगानी र प्रविधि हस्तान्तरण ऐन, १९९२ले देशमा प्रत्यक्ष वैदेशिक लगानी भित्रयाउन र यस क्षेत्रका समस्याहरुलाई सम्बोधन गर्नाका लागि नीतिगत सुधारको पहिलो कदम उठाएको थियो । यस ऐनले प्रत्यक्ष वैदेशिक लगानीको प्रवेश र वहिर्गमनको प्रक्रियालाई सहजीकरण गरी यस अघि वैदेशिक लगानी भित्रयाउनबाट बञ्चित रहेका अनेकन आर्थिक तथा व्यवसायिक क्षेत्रहरुमा वैदेशिक लगानी ल्याउने ढोका खोलिदिएको थियो । यस ऐनको नकारात्मक सूचीमा प्रत्यक्ष वैदेशिक लगानी ल्याउन नपाईने थोरै मात्र आर्थिक तथा व्यवसायिक क्षेत्रहरु पर्न गएका थिए । यद्यपि, यो ऐन बनेको बीस वर्ष भन्दा बढी भइसकेको छ । प्रत्यक्ष वैदेशिक लगानीको उपयोग गरेर, खासगरी एशियाली देशहरुमा, नयाँ बजारहरु विकसित भइरहेका छन् । यसै कारण, नेपालले पनि वैदेशिक लगानीको वृहत लाभ उठाउनका लागि यस क्षेत्रमा व्यापक सुधार गर्नु पर्ने देखिन्छ र विद्यमान ऐन कानूनमा बाधा व्यावधानका रुपमा देखा परेका प्रावधानहरुलाई संशोधन गरेर सुधारको बाटोमा ठूलो फड्को मार्नु पर्ने बेला आईसकेको छ ।

आर्थिक विकासको क्षेत्रमा नेपालले सामना गर्नु परेका प्राथमिक चुनौतीहरु, यहाँको व्यापार/व्यवसायहरुलाई नियमन तथा सञ्चालन गर्ने नीतिगत क्षेत्रमै रहि आएका छन्। खासगरी देशमा भौतिक पूर्वाधारहरुको अपर्याप्तता र नीतिगत अस्थिरतालाई मध्यनजर गर्दा नेपालमा वैदेशिक लगानी भित्रयाउन नेपालजस्ता लगानीका संभावना भएका देशहरुसँग प्रतिस्पर्धा गर्न सक्ने खालका नियमनहरुको संरचना तयार पार्नु निकै जरुरी छ । नेपालको राजनीति र अर्थतन्त्रको सन्दर्भमा वैदेशिक लगानी प्रयोग गरेर यहाँको स्रोतको दोहन गर्न र साधनको परिचालन गर्न

सकिने प्रचुर संभावना देखिन्छ । तसर्थ, यस अध्ययनले रोजगारी तथा पुँजी निर्माण गरी प्रत्यक्ष वैदेशिक लगानीबाट नेपालीहरु लाभान्वित हुने अवस्था श्रृजना गर्नका लागि आवश्यक नीतिगत सुधारमा विशेष जोड दिएको छ ।

यस अध्ययनमा प्रस्तुत गरिएका कुराहरु यस विषयसँग सम्बन्धित क्षेत्रहरुमा काम व्यवसाय गरिरहनुभएका महानुभावहरु र सम्बन्धित विशेषज्ञहरुसँग सम्पर्क गरी गहन छलफल गरेर तयार पारिएका हुन् । यस पत्रमा विषयसँग सम्बन्धित ऐतिहासिक सिंहावलोकन र वर्तमानका मुख्य नीतिगत बाधाहरुको विश्लेषण गरिएको छ ।

यस पत्रमा प्रत्यक्ष वैदेशिक लगानीको क्षेत्रलाई फराकिलो पार्ने निर्देशक सिद्धान्त निर्माण गर्न र विद्यमान ऐन कानूनमा संशोधन (सुधार)का लागि आवश्यक आधारहरु तयार गर्ने प्रयास गरिएको छ ।

# १. परिचय

कुनै विदेशी कम्पनीले सीमापारको आतिथेय देश (लगानी लिन चाहने देश)मा व्यवसाय गर्नका लागि लगाउने पुँजीगत लगानीलाई प्रत्यक्ष वैदेशिक लगानी भनिन्छ । अरु शब्दहरुमा भन्नुपर्दा लगानी लिन चाहने देशले, सीमापार लगानी गरेर व्यवसाय खडा गर्न चाहने अन्य देशहरुका कम्पनी वा व्यक्तिबाट, व्यवसायिक पुँजी भित्रयाउने पद्धति वा व्यवस्थालाई नै प्रत्यक्ष वैदेशिक लगानी भित्रयाउने पद्धति भनिएको छ। तर स्टक मार्केट (धितो पत्रको खरिद विक्री आदि)मा भएको लगानी चाहिँ यसमा गणना गरींदैन ।

यस पद्धतिमा सामान्यतया दुई तरिकाबाट एक देशको कम्पनीले अर्को देशमा प्रत्यक्ष लगानी गर्न सक्छन् । कुनै एक देशको कम्पनीले या त अर्को देशको व्यवसायिक कम्पनी नै किनेर त्यस कम्पनीमा आफ्नो सर्वाधिकार स्थापना गरी त्यसलाई आफ्नो एउटा शाखाको रुपमा सञ्चालन गर्न सक्छ वा त्यसको वर्तमान मालिकसँग मिलेर संयुक्त व्यवसाय शुरु गर्न सक्दछ । अर्को तरिका भनेको कुनै पनि आतिथेय राष्ट्रमा आफ्नै चलिरहेको व्यवसायको नयाँ शाखा सुरु गरेर त्यसलाई विस्तार गर्न सकिन्छ । कुनै एक देशको कम्पनीले, अर्को देशको स्थानीय बजार, स्रोत साधन, तिनको क्षमता तथा कुनै कम्पनीलाई रणनैतिक औजारको रुपमा प्रयोग गर्न सकिने अवसर वा फाईदा देखेको आधारमा वैदेशिक लगानी गर्छ (Ramkishen, 2004)।

सन् १९९२ मा उदारीकरणको लहर आउनु भन्दा अधिको नेपालमा जे जति वैदेशिक लगानी भित्रन्थे, ती सबै लगानीहरु वैदेशिक सहायताको नाममा सरकारी विकास सहयोग (अफिसियल डेभलपमेन्ट असिस्ट्यान्स-ओडिए)को रुपमा आउँथे । नेपालले दोश्रो विश्वयुद्धको समयदेखि नै वैदेशिक सहायता

लिँदै आएको छ (Chaulagain, 2012) । सन् १९७०को दशकको पछिल्ला वर्षहरुदेखि, पश्चिमा अन्तर्राष्ट्रिय दाता समुदायले नेपालमा दिईने वैदेशिक सहायताको क्षेत्रमा विभिन्न किसिमका शर्तहरु राख्न थाले । यस्ता शर्तहरु कहिले संरचनात्मक परिवर्तन (स्ट्रक्चरल एडजस्टमेन्ट) नीति, कहिले सुशासनको प्रयासका रुपमा प्रस्तुत गरिएका हुन्थे । यसै समयमा द्विपक्षीय लगानी गर्ने दाताहरुले भने वैदशिक सहायताहरु नेपालको लागि अति आवश्यक भएको देख्न थाले । यस्ता दाताहरुले राज्यको शासकीय व्यवस्थाको अस्तित्व कायम राख्न र सरकार स्थिर बनाउने नाममा सहायता उपलब्ध गराउँथे जसमा उनीहरुको राजनीतिक स्वार्थ गाँसिएका हुन्थे (Gautam, 2012) ।

एक विकासोन्मुख देश भएका हुनाले, नेपालले पनि देशको विद्यमान प्राकृतिक स्रोतको उपयोग गर्न र विकासका संभावित क्षेत्रहरुलाई अघि बढाउन वैदेशिक लगानी र नयाँ प्रविधि भित्रयाउनु पर्ने कुरा महसुस गर्न थाल्यो । वैदेशिक सहायताहरुले देशको भौतिक पूर्वाधारहरु तयार पार्न सघाउ गरे र अनेकन सामाजिक तथा कल्याणकारी कार्य सञ्चालन गर्न पनि मद्दत पुऱ्याए । तर त्यस्ता सहायता रकमले नाफा उन्मुख लगानीले गर्न सक्ने जस्तो अर्थतन्त्र उकास्ने कुरामा सहयोग पुऱ्याउन सकेनन् । त्यही परिणामको रकम यदि नाफामुखी व्यवसायिक कम्पनीले लगानी गरेका भए, त्यसले देशको आर्थिक वृद्धिमा प्रत्यक्ष सहयोग पुऱ्याउने थियो होला । सन् १९९०को दशकको शुरु तिरै नेपालले बजारमुखी उदारीकरण नीतिलाई अबलम्वन गर्न थालेको हो । यसको दुई वर्ष पछि नेपालमा व्यवसायिक वैदेशिक लगानी आकर्षित गर्न प्रोत्साहन दिने उद्धेश्यले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, १९९२ बनाएर लागू गरियो । यस ऐनले यस अघिको वैदेशिक लगानी तथा प्रविधि ऐन, १९८१ लाई प्रतिस्थापित गरिदियो ।

नेपालको जलविद्युत, पर्यटन, कृषि र सूचना तथा प्रविधिको क्षेत्रहरुमा वैदेशिक लगानीका लागि प्रशस्त संभावनाहरु देखिएका छन् । यहाँको जलविद्युत क्षेत्रमा ४२ हजार मेगावाटसम्म विद्युत उत्पादन गर्न सकिने ठूलो संभावना देखिएको छ । नेपालबाट प्रत्येक वर्ष हजारौं युवाहरु उच्च शिक्षा लिनाका लागि देश बाहिर जान्छन्, तिनले विदेशमा शिक्षा लिंदा अरबौं रुपैयाँ खर्च गर्छन् । यसै गरी नेपाली युवा जनशक्ति पनि रोजगारीका लागि नै लाखौंको संख्यामा प्रत्येक वर्ष

विदेश पुग्दछन् । यस्तो यथार्थ हुँदा पनि, अर्थात् नेपालबाट ठूलो धनराशी र जनशक्ति बाहिरिईरहँदा पनि, हामीले आफ्नो देशको विकासका लागि यहाँको पुँजी र मानव स्रोतको सदुपयोग गर्न सकेका छैनौं । नेपालमा पर्याप्त पुँजी र दक्ष जनशक्तिको कमी छ । यहाँ आधुनिक प्रविधि पनि छैन । यी तीन चीजको कमीले गर्दा यहाँको घरेलु उद्योगको बजार र अन्य आर्थिक विकासका गतिविधिहरु प्रभावशाली हुन सकेका छैनन् । यसै कारण यहाँको आर्थिक विकासका गतिविधिहरुमा गति ल्याउन र स्थानीय बजार विकास गर्न पनि वैदेशिक लगानीलाई आकर्षित गर्नु पर्ने ठूलो आवश्यकता देखिएको छ ।

यथार्थमा, वैदेशिक लगानी र देशको आर्थिक विकासकाबीच गहिरो सम्बन्ध रहेको छ । वैदेशिक लगानीबाट आएका पुँजीमा, आतिथेय देशको आर्थिक विकासका लागि उच्च प्रतिफल दिने व्यवसायहरु स्थापना गरेर त्यसलाई दीगो रुप दिने क्षमता हुन्छ (Sanderatne, 2011) । प्रत्यक्ष वैदेशिक लगानी मार्फत आएका स्रोतहरु आतिथेय देश (लगानी लिने देश)का निम्ति खतरारहित लगानीका स्रोत हुन्छन् । वैदेशिक लगानीले पुँजी मात्र होईन, देशको प्रविधि र व्यवस्थापकीय क्षमतामा पनि सुधार ल्याईदिन्छ । यसरी देशमा बढेको क्षमता (एडेड भ्यालु) पनि देशको कुल गार्हस्थ उत्पादन (जीडीपी)मा वृद्धि गराउनका लागि प्रत्यक्ष लगानी हुन जान्छ । यसले देशको कुल गार्हस्थ उत्पादनको वृद्धिमा पनि गति थपिदिन्छ । त्यसै गरी  वैदेशिक लगानीको पुँजीले रोजगारीका अवसरहरु पनि बढाई दिन्छ । साथै, देशको औद्योगिक विकासको दर पनि बढाई दिन्छ ।

अर्कोतिर, वैदेशिक लगानीले सरकारी खर्चमा पनि भारी कटौती गरीदिन्छ । वैदेशिक लगानी मार्फत देशमा आएको पुँजीको ठूलो मात्रा ती व्यवसायहरुको लागि आवश्यक भौतिक पूर्वाधार निर्माणमा खर्च हुन्छ र त्यस्ता पूर्वाधारहरु दीर्घकालमा देशकै सम्पत्तिका रुपमा विकसित हुन पुग्दछन् । यसरी एकातिर सरकारी खर्चको बचत हुन जान्छ भने अर्कोतिर स्वदेशी लगानी विना नै देशका भौतिक पूर्वाधारहरु पनि तयार हुँदै जान्छन् । यसले अन्ततः देशको आर्थिक विकासमा टेवा पुऱ्याउँछ ।

प्रत्यक्ष वैदेशिक लगानीको क्षेत्रलाई नियमन र नियन्त्रण गर्ने विद्यमान कानूनी व्यवस्थाले नेपालमा लगानी भित्रयाउन चाहने विदेशी पुँजीपतिहरुलाई

व्यसायमा प्रवेश गर्दा लाग्ने खर्च कटौती गर्ने तर्फ मात्र धेरै ध्यान दिएको छ । देशमा वैदेशिक पुँजी भित्रयाउनका लागि गरिएका यस्ता व्यवस्थाहरु अत्यन्त सांघुरा देखिएका छन् । यस्तो अवस्था भएमा कुनै पनि देशले साँचो अर्थमा वैदेशिक लगानीको पूर्ण फाईदा उठाउन सक्तैनन् । नेपालले वैदेशिक लगानी भित्रयाउनाका लागि भियतनाम, कम्बोडिया, बङ्गलादेश लगायत अन्य दक्षिण एशियाली देशहरुसँग यस क्षेत्रमा तिनले गरेका सुधार कार्यहरुसँग कडा प्रतिस्पर्धा गर्नु पर्ने हुन्छ । भियतनाम र अन्य दक्षिण एशियाली देशहरुसँगको तुलनात्मक अध्ययनको तालिका अनुसूची १ मा दिईएको छ। यस विषयमा अनुसंधान गर्नुको पहिलो उद्देश्य चाहिँ नेपालको आर्थिक विकासको सन्दर्भमा प्रत्यक्ष वैदेशिक लगानीबाट हुन सक्ने फाईदा र संभावनाहरु पहिल्याउनु हो । यस भन्दा अझ महत्वपूर्ण, दोस्रो उद्देश्य चाहिँ, प्रत्यक्ष वैदेशिक लगानीको क्षेत्रमा सुधार ल्याउन ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष र हाल लगानी अपेक्षित भन्दा कम हुनुको कारणहरुको खोजी गरेर दोस्रो तहको नीतिगत सुधारका कार्यक्रमहरु तय गर्न घच्घच्याउनु हो । साथै, अब गरिने सुधार कार्यक्रम मार्फत वैदेशिक लगानीको प्रवेश र वहिर्गमन मात्र नभएर यस विषयलाई अझ विस्तृत रुपमा समेट्न सकियोस् भन्नु पनि हो । यस पत्रको अन्त्यमा, प्रत्यक्ष वैदेशिक लगानीको क्षेत्रमा दोस्रो चरणको नीतिगत सुधारको कार्यक्रम गर्दा कुन-कुन विषयलाई समेट्नु पर्दछ भन्ने सुझावहरु पनि समावेश गरिएका छन् ।

# २. वैदेशिक लगानी भित्रयाउन सकिने संभावित क्षेत्रहरु

नेपालमा वैदेशिक लगानी आकर्षित गर्न सक्ने ठूलो संभावना बोकेको एउटा क्षेत्र जलविद्युत हो। विदेशी लगानीमा ठूला खिम्ती र भोटेकोशी जलविद्युत आयोजनाहरु बनेपछि नेपालका जलविद्युत आयोजनाहरुले वैदेशिक लगानी आकर्षित गर्न थालेका हुन् । नेपालमा ८३ हजार मेगावाट जलविद्युत उत्पादन हुन सक्ने क्षमता छ भन्ने अनुमान गरिएको भए तापनि यहाँ ४२ हजार मेगावाट विद्युत उत्पादन गर्न सकिने कुरा चाहिँ आर्थिक रुपमै संभव देखिएको छ (Investment Climate Statement-Nepal, 2012) । यसो हुँदाहुँदै पनि नेपालमा न्यून मात्रामा मात्र यस स्रोतको उपयोग गर्न सकिएको छ । नेपाल आर्थिक वृद्धि एजेण्डा, २०१२ को अनुसार, हिउँद मौसममा नेपालमा ५२० मेगावाट विद्युतको अभाव पर्न गई नेपालीहरुले हरेक दिन लामो समयसम्म विद्युतको अभाव भोग्नु पर्दछ । नेपालमा जलविद्युत विकासको क्षेत्रमा लगानी गर्न सकिने प्रशस्त अवसर छ भने यसका छिमेकी देशहरु, भारत र चीनमा विद्युतको माग लगातार बढिरहेको छ । नेपालमा उत्पादन हुन सक्ने विद्युत शक्तिले छिमेकी देशको आवश्यकतालाई पनि समेट्न सक्दछ । विदेशी लगानीकर्ताहरुले यहाँको भौगोलिक अवस्थितिको उपयोग गरेर प्रशस्त फाईदा लिन सक्छन् । नेपालले छिमेकी देश भारतसँगको सम्बन्ध बलियो बनाउनका लागि पनि यहाँ रहेको जलविद्युत उत्पादनको वृहत संभावनालाई रणनैतिक औजारको रुपमा प्रयोग गर्न सक्दछ । भारतको अधिकाँश जनसंख्या धेरै भएका क्षेत्रहरु नेपालको सीमासँग जोडिएका उत्तरी क्षेत्रमा केन्द्रित हुँदा भारतीय भूमिसँग नजिक रहेको नेपालको दक्षिण पश्चिम क्षेत्रमा पश्चिम सेती (७५० मेगावाट) र कर्णाली चिसापानी (१०, ८०० मेगावाट) जस्ता ठूला आयोजनाहरु बन्न सक्ने स्रोत भएका क्षेत्रहरुले भारतसँग जलविद्युतमा सम्बन्ध स्थापना गर्ने

आधार तयार पार्दछ। विद्युत उत्पादन गर्नका लागि यहाँ बनाईने ठूला जलाशयहरुले भारत र नेपाल दुवै देशमा आई पर्न सक्ने बाढी र पहिरोको खतरा घटाउन मद्दत गर्न सक्छन् । वर्षात्को समयमा बढेर आउने बाढीको पानीलाई यहाँका ठूला जलाशयहरुमा सँग्रह गर्न सकिन्छ र त्यही पानीलाई हिउँदे मौसममा विद्युत उत्पादन गर्ने कार्यमा प्रयोग गर्न सकिन्छ । यसो गर्दा नेपाल र भारतको कृषि भूमिले सिंचाई सुविधा पाउँछन् र दुवै देशमा कृषि उत्पादन बढाउन सहयोग पुग्न जान्छ ।

कृषि क्षेत्रको उत्पादन बढाउनाका लागि वैदेशिक लगानी आकर्षित गर्न पनि नेपालको भौगोलिक अवस्थिति फाईदाजनक छ[1] । नेपालले यसको जलवायु, भूसंरचना र छिमेकमा बढिरहेको विशाल बजार र जनसंख्यासँगको सोझो पहुँचको ठूलो फाईदा उठाउन सक्छ । नेपालको भूभाग जैविक बीउ बिजन, फलफूल र तरकारी तथा फूल उत्पादन गर्न पनि उपयुक्त किसिमको छ । यहाँ पर्यावरण पर्यटन र कृषि पर्यटनको पनि ठूलो संभावना छ। यस्ता नयाँ अवधारणाका विकास कार्यक्रमहरु यहाँ सफलतापूर्वक फस्टाई रहेका छन् । कृषि पर्यटन र पर्यावरणीय पर्यटन जस्ता कार्यक्रमले नयाँ-नयाँ पर्यटन स्थलहरुको विकास गर्न सहयोग गर्दछन् भने यिनले फाईदाजनक कृषि बालीको उत्पादन गर्ने अवसर पनि उपलब्ध गराउँछन् । पूर्वी नेपालको ईलाम जिल्लाको कन्याम क्षेत्रलाई यस्तै एउटा नमूना क्षेत्रको रुपमा लिन सकिन्छ, जहाँ पर्यटन र कृषि दुवै क्षेत्रलाई पूर्णतः विकसित अवस्थामा देख्न सकिन्छ। संरचनागत परिवर्तन कार्यक्रम र उदार आर्थिक नीतिका कार्यक्रमहरुले कृषि र पर्यटन विकासको क्षेत्रमा सरकारी लगानी घटाउँदै लगेको छ। यसले गर्दा कृषिको क्षेत्रमा पनि निजी र वैदेशिक लगानीको अवसर फराकिलो हुन गएको छ । नेपालमा वैदेशिक लगानीलाई प्रोत्साहित गर्न नेपाल सरकारले कृषि क्षेत्रमा पनि लगानी भित्रयाउन सहयोग पुऱ्याउने किसिमको नीति निर्माण गरीदिएको छ (MoAC, 2012) । यस्ता सुधारका कार्यक्रमहरुका कारण विगतको केही वर्ष यता देखि कृषि क्षेत्रमा पनि वैदेशिक लगानीको मात्रामा बढोत्तरी देखिँदै आएको छ। तर यस्ता लगानीको परिमाण अझ पनि सानो क्षेत्रमा सीमित रहेको छ जसको एक कारक तत्वका रुपमा कृषिको व्यवसायीकरण गर्ने मामिलामा आइपर्ने अनेकन नीतिगत समस्याहरु पर्दछन् । लगानीको क्षेत्रमा लगातार वृद्धि हुने संभावना

1 प्रत्यक्ष वैदेशिक लगानी भित्रिन भौगोलिक परिस्थितिको फाइदा निर्धारक हुने विषयमा विस्तृत छलफलका लागि Dunning, 1997 हेर्नुहोला ।

रहँदारहँदै र सरकारी नीतिहरु सहायक हुँदाहुँदै पनि, नेपालको कृषि क्षेत्रले प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन अझै पनि थप नीतिगत सुधार गर्नु आवश्यक देखिन्छ ।

नेपालको शिक्षा क्षेत्रमा पनि ठूलो बजार रहेकोले, शिक्षाको क्षेत्रमा पनि प्रशस्त वैदेशिक लगानी भित्र्याउन सकिने उच्च संभावना रहेको छ । उच्च शिक्षा लिनाका लागि नेपालका विद्यार्थीहरु प्रत्येक वर्ष ठूलो संख्यामा भारत, चीन, अस्ट्रेलिया, अमेरिका र बेलायत जाने गर्दछन् । आर्थिक वर्ष २०१०/११मा विदेशमा उच्च शिक्षा लिनका लागि नो अब्जेक्शन सर्टिफिकेट लिने नेपाली विद्यार्थीहरुको संख्या २७ हजार थियो (The Himalayan Times, 2011) । यसमा भारतमा गएर अध्ययन गर्ने नेपाली विद्यार्थीहरुको संख्या गणना गरिएको छैन । नेपालमा शिक्षाको क्षेत्रमा यति ठूलो बजार विकसित भएको हुनाले यसले विदेशी लगानीकर्तालाई आकर्षित गर्छ र विषेश गरी शिक्षाको क्षेत्रमा काम गरिरहेका विदेशी फर्मका लागि नेपालको उच्च शिक्षामा लगानी गर्ने ठूलो अवसर पनि उपलब्ध गराउँछ (Ramkishen, 2004) । यस बाहेक, नेपालले गुणस्तरीय शिक्षाको विकास गर्न सकेको खण्डमा, यसले लगातार बढिरहेका भारतीय र चिनियाँ विद्यार्थीहरुलाई पनि आकर्षित गर्न सक्दछ ।

नेपालको सूचना प्रविधिको क्षेत्रमा पनि विदेशी लगानी भित्र्याउन सकिने प्रशस्त संभावनाहरु छन् । यहाँ सूचना प्रविधिमा स्नातक गरेका जनशक्ति बढिरहेका छन् र विश्वभरका सूचना प्रविधि सम्बन्धित उद्योगहरुले पनि नेपाल जस्ता देशका सस्ता र दक्ष जनशक्तिहरुको उपयोग गर्न सकिने अवसरको व्यापक खोजी गरिरहेका छन् । यसले विश्वव्यापी सूचना प्रविधि उद्योगको अर्को गन्तव्य स्थलको रुपमा नेपाललाई विकास गर्न सकिने तथ्य प्रस्टयाँउछ । सानो लगानीमा पनि सूचना प्रविधि उद्योग स्थापित हुन सक्ने भएकोले यसले वैदेशिक लगानी आकर्षित गर्न सक्छ । केही हजार डलरको लगानीमा यस उद्योगलाई सफलतापूर्वक चलाउन सकिन्छ । यस्ता उद्योगमा लगानी गर्ने व्यवसायीले धेरै ठूलो आर्थिक खतरा उठाउनु पर्ने हुँदैन ।

नेपालको पर्यटन क्षेत्रमा पनि वैदेशिक लगानी आकर्षित गर्न सक्ने ठूलो संभावना रहेको छ । नेपालमा चलेको एक दशक लामो सशस्त्र युद्ध समाप्त

भएपछि, यहाँ स्थापना भएको शान्तिपूर्ण वातावरणले नेपालमा पर्यटकहरुको संख्यामा लगातार बढोत्तरी भैरहेको छ । यहाँ नयाँ पर्यटकीय स्थलहरुको पहिचान पनि भइरहेको छ र गुणस्तरीय होटल, लज र रेष्टोराँहरुको माग पनि बढिरहेको छ । तर नेपालले पर्यटकहरुको खर्च गर्ने क्षमतालाई नै दोहन गर्न सकेको छैन । सुविधा सहितको आवश्यक भौतिक पूर्वाधार र पर्यटक मैत्री कार्यक्रमहरुमा केही सुधार गरीदिने हो भने पर्यटकले गर्ने खर्च र उनीहरुले नेपालमा बिताउने समयलाई पनि बढाउन सकिन्छ । त्यस बाहेक, भारतीय र चिनियाँ पर्यटकहरुको खर्च गर्ने क्षमता बढिरहेको छ र नेपालमा आउने बहुसंख्यक पर्यटकहरु भारतीय र चिनियाँहरु नै हुने गर्दछन् । त्यसैले यस क्षेत्रमा अझ बढी विकास गर्न सकिने प्रचुर संभावना छ (Manju, 2012) । नेपाल सुन्दरतम् प्राकृतिक भूगोल र अनुपम पर्यावरणको मिलन क्षेत्र हो । यसै कारण यहाँ पर्यटकलाई आकर्षित गर्ने सक्ने अनेकन पर्यटकीय क्षेत्रहरु खुलिरहेका छन् । नयाँ र नौलो व्यवसायमा लगानी गर्न रुचाउने लगानीकर्ताहरुलाई यस क्षेत्रले आकर्षित गर्न सक्दछ ।

यता नीतिगत रुपमा पनि नेपालले उदार र खुला नीतिहरु लागू गरेको छ । नेपाल सरकारले बनाएर लागू गरेको विदेशी लगानी तथा प्रविधि हस्तानान्तरण ऐन, १९९२ ले थोरै व्यवसायलाई मात्र नकारात्मक सूचीमा राखेकोले यसले वृहत रुपमा विभिन्न क्षेत्रमा वैदेशिक लगानीको संभावनालाई खुला गरेको छ । यसले वैदेशिक लगानी भएका व्यवसाय वा उद्योगहरुलाई राष्ट्रियकरण नगर्ने, लगानीकर्ताले कमाएको नाफा आफ्नै देशमा लैजान पाउने, शेयर (धितोपत्र) किनबेच र स्थानान्तरण गर्न पाउने र डिभिडेन्ड (शेयरधनीलाई मुनाफाको अंश वितरण गर्ने) आदि दिन र लिन पाउने कानूनी प्रत्याभूति गरीदिएको छ । यस ऐनलाई प्रभावकारी रुपमा लागू गर्न नेपाल सरकारले विभिन्न निकायहरु पनि गठन गरीदिएको छ । तिनमा औद्योगिक व्यवसाय विकास केन्द्र, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड जस्ता संस्थाहरु सक्रिय छन् । सरकारी नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, औद्योगिक क्षेत्र प्रवर्द्धन गर्न, संस्थागत सबलीकरण गर्न र निजी क्षेत्रमा आईपरेका व्यवस्थापकीय समस्याहरुको समाधान दिन सक्ने गरी यी निकायहरुको गठन गरिएका हुन् । यस बाहेक नेपालले फ्रान्स, जर्मनी, संयुक्त अधिराज्य, मौरिशस, फिनल्याण्ड र भारत जस्ता ६ वटा

महत्वपूर्ण देशहरुसँग द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता गरीसकेको छ (Paudyal, 2013) । यस किसिमका सम्झौताले खासगरी युद्ध, सशस्त्र विद्रोह र सङ्कटकाल लागू हुँदाका बखत विदेशी लगानीकर्तालाई पर्न जाने नोक्सानीको क्षतिपूर्ति दिने व्यवस्था गरीदिएको छ । यी सबै व्यवस्थाहरु नेपालमा प्रत्यक्ष वैदेशिक लगानी भित्रयाउन, प्रवर्द्धन गर्न र त्यसको संरक्षण गर्नका लागि निर्माण गरिएका सकारात्मक सूचकहरु हुन् । यद्यपि, वैदेशिक लगानी भित्रयाउने सन्दर्भमा विभिन्न क्षेत्रमा भिन्दा-भिन्दै खालका चुनौतीहरु छन्[2] । त्यस्ता चुनौतीहरु भए तापनि, माथि भनिए जसरी नै, नेपालले वैदेशिक लगानी आकर्षित गर्न र त्यसको फाईदा उठाउन, व्यवहारिक तहमै पुगेर नीतिगत सुधारका लागि दोश्रो चरणको पहल गर्नुपर्ने अनिवार्यता देखिएको छ । अब आउने अध्यायहरुमा नेपालले कुन-कुन क्षेत्रमा कस्ता-कस्ता नीतिगत सुधार गर्नु पर्दछ भन्ने विषयमा चर्चा गरिएको छ ।

2 प्रत्येक क्षेत्रले सामना गर्ने प्रमुख चूनौतीहरुको विस्तृत छलफलका लागि अनुसूची २ हेर्नुहोला ।

# ३.नीतिगत सुधारका प्रस्तावनाहरु

देशमा बढी भन्दा बढी वैदेशिक लगानी भित्रयाउने लक्ष्य लिँदा विद्यमान कानूनी व्यवस्था र अन्तर्राष्ट्रिय सम्बन्धहरुका सीमा र दायित्वहरुमा उत्तरदायी रही अघि बढ्नुपर्ने अवस्था हुन्छ । उदारीकरणको अभियान अन्तर्गत नेपालले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, १९९२ निर्माण गरेर देशमा प्रत्यक्ष वैदेशिक लगानी भित्रयाउनका लागि आवश्यक  नीतिगत सुधारको पहिलो कदम उठाई सकेको छ । यस ऐन मार्फत गरिएका सुधारहरु, अर्थतन्त्रको विभिन्न क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी भित्रयाउनका लागि ढोका खोल्न र वैदेशिक लगानीको प्रवेश र वहिर्गमन प्रक्रियालाई नियमन गर्न केन्द्रित रहेका थिए । यद्यपि, वैदेशिक लगानीले आर्थिक वृद्धि सम्भव बनाउन यतिले मात्र पर्याप्त हुँदैन । यसका लागि नेपालमा अब दोश्रो चरणको सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ र यसका लागि धेरै विषय र तत्वहरुमा विचार पुऱ्याउनुपर्ने हुन्छ ।

## ३.१ द्विपक्षीय सम्झौता

(Neumayer & Spess, 2005)ले लगानी सम्बन्धी द्विपक्षीय सम्झौता गरेमा वैदेशिक लगानीको मात्रा बढाउन सकिन्छ कि सकिंदैन भनेर परिक्षण गरेका थिए । उनीहरुको निष्कर्ष थियो - जुन देशहरुले लगानी सम्बन्धी द्विपक्षीय सम्झौता गरेका थिए, ती देशहरुले वैदेशिक लगानी बढाउन सफलता पाएका थिए । यी दुई विद्वानहरुको तर्क द्विपक्षीय सम्झौताले वैदेशिक लगानीको क्षेत्रमा आउने बहुआयामिक अस्थिरताहरुलाई सम्बोधन गर्न सक्दछ भन्ने हो । प्रारम्भिक अवस्थामा, लगानी लिने देशले विदेशी लगानीकर्तासँग स्वच्छ र न्यायपूर्ण व्यवहार गर्ने वाचा गरेको हुन्छ । तर लगानी प्राप्त गरिसकेपछि भने अनेकन असमझदारीहरु उत्पन्न हुन गएर लगानी लिने देशले आफ्नो प्रतिबद्धता राख्न

सकेन भने त्यस्तो अवस्थालाई द्विपक्षीय सम्झौताले सम्बोधन गर्दछ । न्यूमाएर र स्पेशले पत्ता लगाएको कुरा चाहिँ के हो भने, वैदेशिक लगानीको सन्दर्भमा स्थानीय कानून (ऐन, नियम र अन्य व्यवस्थाहरु) द्विपक्षीय सम्झौता जति बाध्यकारी हुँदैनन् । उनीहरुको तर्क छ - द्विपक्षीय लगानी सम्बन्धी सम्झौताले हस्ताक्षर गर्ने दुई देशहरुको वैदेशिक लगानीको परिवेशलाई मात्र प्रभावित गर्ने मात्र नभई अन्य विदेशी लगानीकर्ताहरुलाई पनि ती देशहरुमा लगानी गर्नु ठीक छ कि छैन भन्ने कुराको संकेत दिन्छ । त्यति मात्र होईन, लगानी भइसकेको विदेशी पुँजीको संरक्षण गर्न त्यो देश कतिको गम्भीर र प्रतिबद्ध छ भन्ने कुराको चित्रण पनि यसले गर्दछ । तर विचारणीय कुरा के छ भने, द्विपक्षीय सम्झौतामा निहीत रहेको वैदेशिक लगानी भित्रयाउन मद्धत गर्न सक्ने क्षमतालाई संस्थागत व्यवस्थापनको खराब पक्षले प्रभावित गरीदिन सक्छ । द्विपक्षीय लगानी सम्बन्धी सम्झौताले संस्थागत व्यवस्थापनको खराब पक्षलाई नियन्त्रण गर्न वा प्रतिस्थापन गर्न सक्दछ भन्ने उदाहरण साह्रै थोरै मात्र भेटिएका छन् । द्विपक्षीय लगानी सम्बन्धी सम्झौताहरु कार्यमूलक भएनन् भने तिनले वैदेशिक लगानी पनि आउन दिँदैनन् भन्ने कुरा त जलविद्युतको क्षेत्रमा प्रष्टै देखिएको छ । नेपालको जलविद्युतको क्षेत्रमा वृहत आयोजनाहरु निर्माण गरेर, त्यहाँबाट उत्पादन हुने विद्युतले घरेलु आवश्यकता पूर्ति गरेपछि पनि बाँकी रहन जाने जगेडा विद्युत भारत तर्फ निर्यात गर्न सकिन्छ भन्ने कुरामा केही अन्तर्राष्ट्रिय लगानीकर्ताहरुले गम्भीर प्रतिबद्धता देखाएका छन् । यही संभावनालाई ध्यानमा राखेर हाम्रो देशको जलविद्युतको विकासमा लगानी गर्न र यहाँ उत्पादित विद्युतलाई भारतीय बजारमा बेच्न भनेर केही अन्तर्राष्ट्रिय कम्पनीहरुले शुरुवाती प्रयासहरु गरेका छन् । तर नेपाल र भारतबीच विद्युत व्यापार सम्बन्धी सम्झौता हुन नसकेको र भारतले नेपाललाई २ प्रतिशत उपभोग्य वस्तु कर लगाएको हुँदा यहाँ लगानी गर्न चाहने कुनै पनि कम्पनीले काम शुरु गर्न सकेका छैनन् । बजारको उपलब्धताको सुनिश्चितता लगानीकर्ताको लागि आर्कषक कुरा हो । नेपाल र भारत सीमा जोडिएका छिमेकी मुलुक भएको हुँदा नेपालमा उत्पादन हुने विद्युतका बेच्नका लागि भारतमा विशाल बजार उपलब्ध छ । यदि नेपाल र भारतबीच कायम रहेको व्यापार तथा पारवहन सन्धि (एग्रीमेन्ट अन ट्रेड एण्ड ट्रान्जिट)को पुनरावलोकन हुन सक्ने हो भने त्यसले यी दुई देशबीचको व्यापार तथा व्यवसायको क्षेत्रमा लगानी भित्रयाउन पनि ठूलो मद्धत पुऱ्याउने थियो ।

## ३.२ व्यवसायिक वातावरण

वैदेशिक लगानी भित्र्याउनाका लागि गरिने कुनै पनि प्रयास स्थानीय क्षेत्रमा उपलब्ध व्यवसायिक वातावरण माथि विचार गरेर मात्र शुरु गर्नु पर्ने हुन्छ। कुनै पनि देशमा वैदेशिक लगानी बढाउनका लागि त्यहाँ उपलब्ध व्यवसायिक वातावरण नै एक प्रमुख तत्व हुने गरेको कुरालाई धेरै विद्वानहरुले उल्लेख गरेका छन् (Asiedu, 2000; Ramkishen, 2004)। नेपालको अर्थतन्त्रमा हामीले हेरेका पाँचवटा क्षेत्रहरुको विश्लेषण गर्दा, हामीले यहाँको व्यावसायिक वातावरण अत्यन्त कमजोर अवस्थामा भएको पायौं । यो पक्ष नै यहाँको ज्वलन्त समस्याको रुपमा फेला पार्‍यौं । विश्वका १८५ देशमा व्यवसाय सहयोगी वातावरण (Ease of doing bussiness)को अध्ययन गर्दा नेपालको स्थिति १०८औं स्थानमा परेको छ (World Bank, 2013) । विदेशी लगानीकर्ताहरुका लागि नेपालको नीतिगत पक्ष उदार र खुला देखिन्छन् तर यसको कार्यान्वयनको क्षेत्रमा अनेकन समस्या र चुनौतीहरु देखिएका छन् । यसमा उच्च तहका कर्मचारीहरुबाट हुने कानूनी झैझमेला, ढिलासुस्ती, घुसखोरी, भ्रष्टाचार र कामको स्वीकृतिका लागि गरिने आनाकानी जस्ता ठूला समस्याहरुको सामना गर्नुपरेको देखिन्छ । यस अध्यायमा हामीले नेपालमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन बाधा व्यावधान बनेर रहेका तत्वहरु र व्यवसाय सहयोगी वातावरण निर्माणका लागि अत्यन्त आवश्यक पर्ने अन्य मामिलालाई विभिन्न कोण र क्षेत्रबाट केलाउने कोसिश गरेका छौं । साथसाथै यसै अध्यायमा, उद्योग परिसमापन प्रक्रिया (लिक्वीडेशन प्रोसेस), लगानीकर्ताले पुँजी र मुनाफा फिर्ता लैजान पाउने व्यवस्था, भूमि अधिग्रहणका मामिलाहरु, रकम स्थानान्तरणमा पर्ने लागत, भौतिक पूर्वाधारहरु, सरकारी नीति र राजनैतिक अस्थिरताको बारेमा पनि यस अंशमा छानविन गर्नेछौं । निम्नलिखित बुँदाहरुले नेपालमा विदेशी लगानीकर्ताहरुलाई उपयुक्त र व्यवसाय सहयोगी वातावरण प्रदान गर्नाका लागि अझै धेरै काम गर्नु पर्ने देखाउँछ ।

### ३.२.१ कारोबारको लागत बढी

व्यवसाय शुरु र संचालन गर्दा आईपर्ने अनावश्यक झैझमेलाहरु र लामो प्रशासनिक प्रक्रियाले देशको समग्र लगानी वातावरणमा खलल पुर्‍याउन ठूलो भूमिका खेल्दछ (Ramkishen, 2004)। कुनै लगानीकर्ताले कुनै देशमा लगानी

गर्ने निर्णय लिने जस्तो महत्वपूर्ण समयमा चर्चा गरिने अर्को ठूलो समस्या चाहिँ, पुँजी स्थानान्तरणको प्रक्रियामा लाग्ने अनावश्यक लागत हो । यस समस्याले लगानी गर्न चाहने कम्पनीको निर्णय प्रक्रियामा घातक असर पार्दै आएको कुरा धेरै लेखकहरुले उल्लेख गर्दै आएका छन् । यति मात्र होईन, नेपालमा लगानी गरेर व्यवसाय शुरु गर्न चाहने संभावित लगानीकर्तालाई निरुत्साहित पार्न पर्याप्त हुने गरी यहाँ अनेकन प्रशासनिक झमेलाहरु पनि विद्यमान छन् । यहाँ प्रशासनिक झमेला मात्र होईन, अनियन्त्रीत भ्रष्टाचारका कारण लगानीकर्ताको व्यवसाय लागत आकासिन पुग्छ । ट्रान्सपेरेन्सी ईन्टरनेशनलले १७४ देशमा गरेको भ्रष्टाचार सम्बन्धी चेतना मापन सूचाङ्कमा नेपाल १३९औं स्थानमा रहेको छ (Transparency International, 2012) । यति मात्र नभएर नेपालमा लगानी गर्न चाहने विदेशी लगानीकर्ताले विभिन्न स्वीकृति लिने क्रममा सामना गर्नुपर्ने प्रशासनिक झैझमेला पनि प्रशस्त छन् र तिनबाट पार पाउन अनावश्यक रुपमा लामो समय बिताउनु पर्ने हुन्छ । यसै कारणले धेरैजसो गैर-आवासिय नेपालीहरुले यहाँ स्थापना गरेका आफ्ना व्यवसायमा आवश्यक पर्ने पुँजी हुण्डी मार्फत नेपाल भित्रयाउने गरेका छन् । देशभर खुलेका मनि ट्रान्सफर एजेन्सीहरु मार्फत गरिने पुँजी स्थानान्तरणको प्रक्रियाले देशको आर्थिक स्थितिको बारेमा सही जानकारी दिँदैनन् । यस बाहेक, हुण्डीबाट हुने कारोबारका कारण, वैधानिक रुपमा काम गर्ने वित्तिय संस्थाहरुले, देशमा आउने ठूलो मात्राको पुँजी स्थानान्तरण गर्दा उपलब्ध हुन सक्ने सेवा शुल्क र अन्य शुल्कबाट लाभान्वित हुने अवसर गुमाउँछन् (Rijal, 2013) । विश्व आर्थिक स्वतन्त्रता सूचाङ्कले नेपालको विश्लेषणमा पुँजी स्थानान्तरणको प्रक्रियामा नेपालमा अनावश्यक लागत पर्न गएको देखाएको छ । यस्तो सूचकमा प्रयोग भएको अंकभारमा अंक १०लाई उच्चतम् र ० (शून्य)लाई न्यूनतम् विन्दु मानेर हेर्दा, प्रशासनिक आवश्यकता भन्ने शीर्षकमा नेपालले २.८१ अंक पाएको छ । अन्य भुक्तानी/घुस/पक्षपात भन्ने शीर्षकमा २.८९ अंक र कर्मचारी तथा प्रशासकीय खर्च नामक शीर्षकमा ७.०६ अंक पाएको छ (Gwartney, Lawson & Hall, 2011) ।

## ३.२.२ भूमि अधिग्रहण

भूमि सुधार ऐन, १९६४ले सरकारी स्वामित्वमा रहेको ठूला क्षेत्रफलका भूमिको उत्पादकत्व र व्यवसायिक प्रयोगको सुनिश्चितताको व्यवस्था

गरेको छैन । भियतनाम र म्यानमारमा ठूला उद्योग स्थापना गर्नाका लागि सरकारी तहबाटै सुविधा प्रदान गर्ने व्यवस्था छ, तर नेपालमा त्यस्तो व्यवस्था नभएकोले यहाँ ठूला उद्योगहरु स्थापना गर्न गाह्रो पर्ने अवस्था छ । नेपालमा निजी क्षेत्रबाट भाडामा जमिन लिन पनि गाह्रो पर्दछ, किनभने विद्यमान भूमि ऐनले कृषि वा अन्य प्रयोजनका लागि कसैको जमिन भाडामा लिन वा दिन वा ठेक्कामा लगाउने व्यवस्थालाई नै समेटेको छैन । यहाँ ठूला उद्योगहरु स्थापना गर्नाका लागि जमिन प्राप्त गर्ने समस्या नै सबैभन्दा ठूलो कारणको रुपमा देखापरेको हुनाले ठूलो पुँजीको विदेशी लगानी भित्रयाउनका लागि पनि उपयुक्त वातावरण बन्न सकेको छैन । भूमि अधिग्रहणको मामिला जटिल भएकोले यहाँ प्रारम्भिक तहको लगानी गर्न पनि गाह्रो हुने अवस्था छ । यस्तो अवस्थामा व्यक्तिको सम्पत्तिको अधिकारको प्रत्याभूति पनि संभव हुन सक्दैन । यद्यपि, प्रत्यक्ष वैदेशिक लगानीका व्यवसायहरुले विशेष प्रयोजनका लागि जमिनहरुको लेनदेन गर्न पाउँछन्, जसमा व्यक्ति वा कम्पनी पिच्छे नै भूमि प्राप्ति र प्रयोगका शर्तहरु फरक फरक हुन सक्छन् । अर्कोतिर, नेपालमा जमिनको स्वामित्व प्राप्त गर्न सबैभन्दा पहिले नेपाली नागरीकता प्राप्त गरेको हुनु पर्ने पूर्वशर्त रहेको छ । यस व्यवस्थाले गर्दा नेपालमा गैर नेपाली लगानीकर्ताले जमिनको स्वामित्व प्राप्त गर्न सक्दैनन् ।

## ३.२.३ उद्योगको लिक्वीडेशन प्रक्रिया र वहिर्गमनमा बाधाहरु

विश्व बैंकले सन् २०१३मा १८५ देशमा गरेको सर्वेक्षणको आधारमा निकालिएको डुइङ्ग बिजनेस प्रतिवेदन २०१३मा टाट पल्टिएका अर्थात् परिसमापनको अवस्थामा पुगेका कम्पनीहरुको मामिलाको समाधानको तथ्याङ्कहरुको विश्लेषणमा नेपाल १२१औं स्थानमा परेको छ । सन् २०१२को यही सर्वेक्षणमा नेपालको ११९औं स्थानमा थियो । अर्थात्, दुई वर्षको अन्तरालमा यस विषयमा नेपाल झनै कमजोर अवस्थामा पुगेको छ । एउटा लगानीकर्ताले आफू उपर परेको व्यवसायिक ऋण तिर्न आफ्नो सम्पत्ति वा लगानी बेचेर त्यसलाई नगदमा परिवर्तन गर्न वा अन्य स्थानमा नियुक्त गर्ने चाहना राखेमा आफ्नो व्यवसाय वा उद्योग लिक्वीडेशनमा लैजाने प्रक्रिया अपनाउन सक्छ । नेपालको कम्पनी ऐन, २००६ ले नेपालको कुनै औद्योगिक प्रतिष्ठान वा व्यवसायिक कम्पनीलाई लिक्वीडेशनमा लैजान सकिने व्यवस्था गरेको छ । विद्यमान ऐनको व्यवस्था अनुसार कुनै कम्पनी टाट पल्टिएको

अवस्थामा पुगेको बाहेक, कुनै कम्पनी स्वतः लिक्वीडेशनमा जान चाहेमा वर्तमान ऐनको प्रावधान अनुरुप, त्यसका शेयरधनीहरुले साधारण सभा मार्फत कुनै विशेष निर्णय गरेर वा कम्पनी/व्यवसाय सँगको संलग्नता सम्बन्धी मेमोऱ्याण्डम तयार पारेर वा कम्पनीसँगको संलग्नताबारे विशेष प्रावधान तयार पारेर वा आपसमा साझा सहमतिको सम्झौता पत्र तयार पारेर, कम्पनीहरुलाई लिक्वीडेशनमा लैजान सक्छन् ।

तर नेपालको सन्दर्भमा कुनै कम्पनीलाई लिक्वीडेशनमा लैजाँदा लामो प्रशासनिक प्रक्रिया मार्फत गुज्रनु पर्ने हुँदा अत्याधिक समय लाग्न जान्छ । त्यस बाहेक, नेपालको कम्पनी ऐन र ईन्सोल्भेन्सी ऐनमा अनेकन विरोधाभासी खण्डहरु छन् (Nepal Economic Forum, 2012) । उदाहरणका लागि, यहाँको अदालतको भूमिका छानविन अधिकृत र लिक्वीडेटरको नियुक्ति गर्ने मात्र हो कि, लिक्वीडेशन कार्यको सम्पूर्ण प्रक्रियाको व्यवस्थापन गर्ने पनि हो भन्ने कुरा ऐनमा स्पष्ट छैन । सन् २०१२को मे, ३ मा नेपाल ईकोनोमिक फोरमले नेपाली सन्दर्भमा टाट पल्टेको उद्योग/व्यवसाय शीर्षकमा आयोजना गरेको एक छलफल कार्यक्रमको प्रतिवेदनमा उल्लेख भए अनुसार, लिक्वीडेशनमा गएका नेपाली कम्पनीहरुको इतिहास हेर्ने हो भने, तिनीहरु सबै राजनीतिक शक्तिद्वारा प्रभावित भएको देखिन्छ । तिनको व्यवस्थापन पक्ष अत्यन्त खराब अवस्थामा थिए, जसका कारण ती कम्पनीहरु लिक्वीडेशनमा जानु परेको थियो । कम्पनीको ऋण असुलीको सम्बन्धमा पनि विरोधाभासपूर्ण तथ्यहरु फेला परे । यस्ता कम्पनीहरुले ऋणको राशी र ऋणीको लेखा पनि दुरुस्त राखेका थिएनन् । कम्पनी ऐन र दामासाही ऐनमा पनि ठूला समस्या देखिए । यी दुई ऐनको समीक्षा गर्दा, दुवै ऐनमा ऋण असुलीका विषयमा स्पष्ट कानूनी आधार तय नगरिएको पाईयो । यस्ता समस्याहरुका कारण कम्पनीको आर्थिक वासलात र कारोवार रकमको मिलान गर्न लिक्वीडेटरलाई ठूलो कठिनाइ पर्दछ । ऐन कार्यान्वयन गर्ने व्यवस्थामा यस्ता समस्याहरु पर्न जाँदा, लिक्वीडेशनका प्रक्रियाहरुमा अन्तिम निर्णय लिन लिक्वीडेटरहरु नै असफल हुन पुग्छन् । यस बाहेक, खासमा सरकारले नियुक्त गरेका छानवीन अधिकारी र लिक्वीडेटरले आ-आफ्नो प्रतिवेदन दिईसकेपछि, त्यसको आधारमा अदालतले पनि कुनै कम्पनीलाई लिक्वीडेशनको प्रक्रियामा लैजानु सही कदम हो भनिदिएपछि मात्र लिक्वीडेशनको प्रक्रिया शुरु हुन

जान्छ । ईन्सोल्भेन्सी ऐन २००६ ले गरेको व्यवस्थामा, कुनै कम्पनीको लिक्वीडेशन प्रक्रियालाई कुनै पनि समयमा रोक्न सक्ने अधिकार अदालतलाई दिईएको छ । तर अदालतको अनुमति र आदेश विना लिक्वीडेशन प्रक्रिया शुरु हुँदैन भन्ने व्यवस्थालाई पनि प्राथमिकता दिईएको छ । वैदेशिक लगानीकर्ताको दृष्टिकोणबाट हेर्ने हो भने, यस्ता व्यवस्थाहरुले लगानीकर्ताको लगानी लिक्वीडेशनमा जानै नसक्ने हो कि भन्ने खतरा उत्पन्न गर्दछ। यस्ता व्यवस्थाहरुले अदालतको अनूकूलता माथि पनि प्रश्न उब्जाउँछन् । यस कारण यस्ता अस्पष्ट र विरोधाभाषी व्यवस्थाहरुमा शीघ्र संशोधन गरेर लिक्वीडेशनको प्रक्रियालाई सहज रुपमा कार्यान्वयन हुन सक्ने गरी प्रत्याभूति दिनु पर्ने आवश्यकता छ । लगानीकर्तालाई आफूले चाहेको बेलामा कम्पनी/वा उद्योगलाई लिक्वीडेशनमा लैजान सक्ने स्वतन्त्रता दिनु पर्दछ । कम्पनीको खराब ऋृण वा दायित्वको हिसाब मिलान गर्ने प्रक्रिया शुरु भएपछि, कम्पनीलाई पनि कालो सूचीमा राख्ने गरिएको छ । यस्ता व्यवस्थाहरुले लगानीकर्ताहरुलाई निराश र निरुत्साहित गरी दिन्छन् (Nepal Economic Forum, 2012)।

विद्यमान ऐन र तिनका कार्यान्वयनको सन्दर्भमा देखा परेका यस्ता परस्पर विरोधी व्यवस्थाहरुले संभावित लगानीकर्ताहरुलाई नेपालमा लगानी गर्न निरुत्साहित गर्दछन् । यस्तो अवस्था देखिनु, वैदेशिक लगानी बढाएर आर्थिक विकास गर्ने चाहना राख्ने कुनै पनि देशका लागि राम्रो सङ्केत होइन । यसै कारण देशको विद्यमान ऐन, कानूनमा व्यवस्था गरिएको लिक्वीडेशन प्रक्रियालाई यथाशीघ्र संशोधनमा लैजानु पर्ने आवश्यकता देखिएको हो । अब बन्ने व्यवस्थामा लिक्वीडेशन प्रक्र्यािलाई प्रशासनिक झमेला रहित, छोटो, सरल र सहज बनाईनु पर्दछ। यसले लगानीकर्ताहरुलाई व्यवसायिक सुनिश्चितता प्रदान गर्दछ। यसो हुँदा लगानीकर्ताहरुले लगानी गर्ने तर्फ उत्साह देखाउन सक्छन् ।

## ३.२.४ लागत पुँजी र मुनाफा फिर्ता लैजान पाउने अधिकार

लगानीकर्ताले व्यवसाय गर्न नचाहेको खण्डमा लगानी गरेको पुँजी र मुनाफा फिर्ता लैजान पाउने अधिकार दिने सम्बन्धी कानूनी प्रावधानलाई विभिन्न आर्थिक क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी भित्रयाउन प्रोत्साहन दिने कुरा

भनी पहिचान गरिएको छ । त्यसैले सन् १९९६मा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, १९९२ लाई संशोधन गरिएपछि, लगानीकर्ताले आफ्नो सम्पत्ति विक्री गर्दा आएको सम्पूर्ण नगद पुँजी, मुनाफा र लाभांश एवं विदेशी ऋणको व्याज समेत फिर्ता लैजान पाउने प्रत्याभूति दिईएको छ । विदेशी मुद्रा आर्जन गर्ने व्यवसायका लगानीकर्ताहरुले आफूले कमाएको विदेशी मुद्राको शतप्रतिशत अंश फिर्ता लिन पाउने र आफूले कमाएको विदेशी मुद्रा स्वतन्त्र रुपमा स्थानीय बैंकमा जम्मा गर्न र चलाउन पाउने व्यवस्था पनि गरिएको छ । तथापि, यो व्यवस्था कार्यान्वयन गर्नका लागि नेपाल राष्ट्र बैंक  र अनेकन सरकारी निकायहरुको संलग्नता हुनु पर्ने व्यवस्था गरिएको छ । यसै कारण यो प्रक्रिया पनि झमेलापूर्ण हुन गएको छ र यसमा परेका लगानीकर्ताहरुले आफूले कमाएको नाफा आफ्नो देशमा फिर्ता पाउन नसकेको गुनासो गरिरहेका छन् । तर हुण्डी र अन्य माध्यमबाट विदेशी मुद्राहरु भित्रयाउँदा त्यसबाट प्राप्त नाफा लग्न झनै ठूलो मुश्किल पर्न जान्छ किनभने त्यस्ता अवैध माध्यमबाट भित्रयाईएका विदेशी मुद्राको वा पुँजीको आगमनबारे जानकारी दिने कुनै लेखा वा कागजात हुँदैनन् ।

## ३.२.५ भौतिक पूर्वाधार

कमजोर र खराब भौतिक पूर्वाधारहरुले व्यवसायिक वातावरण निर्माणमा ठूलो बाधा पुर्‍याँउछन् । विद्युत र यातायात जस्ता दुई अति आवश्यक भौतिक पूर्वाधारहरुको खराब हालतले व्यवसायिक वातावरण विगार्न मुख्य भूमिका खेल्छन् । यहाँका धेरैजसो ठूला शहरहरुले, खासगरी हिउँद मौसममा, लामो समय सम्मको विद्युत कटौतीको सामना गर्नु परिरहेको छ । यस्ता समस्याहरुले उत्पादन लागत बढाई दिन्छन् र उत्पादनमा पनि सोझै नोक्सानी पुर्‍याई दिन्छन् । यसै गरी सडक यातायातका पूर्वाधारहरु खराब र कमजोर हुन जाँदा उत्पादनको वितरण गर्न र तिनलाई टाढा-टाढाका अन्य स्थानमा पुर्‍याउन मुश्किल पर्न जान्छ। साथै, उत्पादनको ढुवानी लागत बढ्न गएर कम्पनीको कार्य क्षमता पनि घट्न जान्छ । यस बाहेक, माल तथा वस्तु ढुवानी व्यवसायमा चालु रहेको सिण्डीकेट प्रथाले एकातिर व्यवसायी माथि ढुवानी लागतको भार बढाई दिएको छ भने अर्कोतिर अनेकन अनावश्यक खर्चहरु पनि बढाई दिएको छ ।

द ग्लोबल कम्पेटेटिभ इन्डेक्सका अनुसार नेपालमा उपलब्ध भौतिक पूर्वाधारलाई यस सुचाङ्कले पूर्णाङ्क ७ मा केवल १.८ मात्र अङ्क प्रदान गरेको छ । विश्व आर्थिक मञ्च, २०१३को अनुसार भौतिक पूर्वाधारहरुको सन्दर्भमा नेपालको स्थिति १४४ देश मध्ये १४३औं स्थानमा पर्न आउँछ (World Economic Forum, 2013) । अन्य विभिन्न तत्वहरुको विवेचना गर्दा उक्त सूचाङ्कमा समग्रमा नेपाल १४४ देश मध्ये १२१औं स्थानमा परेको थियो (World Economic Forum, 2013) । माथिका उदाहरणहरुले नेपालको भौतिक पूर्वाधारको क्षेत्र अत्यन्त खराब र दयनीय अवस्थामा रहेको र यसले विश्वका अन्य देशहरुसँग नेपालले प्रतिस्पर्धा गर्ने कुरा सरल नभएको देखाँउछ । अन्य शब्दहरुमा भन्ने हो भने, कमजोर र खराब पूर्वाधारहरुले व्यवसायिक वातावरणलाई नराम्रोसँग प्रभावित गरीरहेको र प्रत्यक्ष वैदेशिक लगानी आउने संभावनालाई समेत नकारात्मक असर पुऱ्याई रहेको प्रष्ट हुन्छ ।

## ३.२.६ राजनैतिक अस्थिरता

नेपालमा लामो समयदेखि चलिरहेको राजनैतिक संक्रमणले निम्त्याएको लगातार अस्थिरता र अनिश्चितताको वातावरणले घरेलु तथा अन्तर्राष्ट्रिय लगानी दुवैलाई निरुत्साहित पारिरहेको छ (Grimier & Poudel, 2012 as cited in SAWTEE, 2013) । विश्व लगानी संभावना सर्वेक्षण २००७-२००९मा उल्लेख भए अनुसार, नेपालले वैदेशिक लगानी आकर्षित गर्न नसक्नुको एउटा मुख्य कारण यहाँको अस्थिर राजनीतिक वातावरण पनि हो (UNCTAD, 2009) । यहाँ देखिएका राजनैतिक अस्थिरताका खतराहरुको विश्लेषण गर्ने हो भने विदेशी लगानीकर्ताहरुले नेपालमा लगानी गर्न निर्णय लिने समयमा यहाँको राजनैतिक अस्थिरताका खतराहरुलाई नै मूख्य तत्वको रुपमा लिने गरेको देखिन्छ । राजनैतिक अस्थिरताले देशको नीतिगत अस्थिरतालाई पनि सक्रिय बनाईदिन्छ । नेपालमा जति पटक सरकारहरु फेरिन्छन् र उति नै पटक देशका नीतिहरु पनि फेरिने गर्छन् । यस्ता अभ्यासहरुले वैदेशिक लगानी आकर्षित गर्न आवश्यक पर्ने नीतिगत स्थिरतालाई सहयोग पुऱ्याउँदैनन् । यस्ता विषयमा नेपालले गम्भीरतापूर्वक विश्लेषण गरेको छैन । त्यसै कारण यहाँको विविध आर्थिक क्षेत्रमा आउन सक्ने वैदेशिक लगानीको संभावनामाथि नकारात्मक असर पर्न गएको छ । यस कारण, यहाँको राजनीतिक

वातावरणमा सुधार नआएसम्म, नेपालले कुनै पनि विकास क्षेत्रमा विदेशी लगानी भित्रयाउन सक्ने वातावरण तयार हुन पाउने छैन । यद्यपि, खराब राजनीतिक वातावरण भोगिरहेका अन्य देशहरुले अन्तर्राष्ट्रिय रेटिंग एजेन्सी जस्ता नवीन औजारको सहायता लिएर वैदेशिक लगानी भित्रयाएका छन् र बढाएका पनि छन् ।

## ३.३ पुँजी खाता परिवर्त्यता (क्यापिटल एकाउण्ट कन्भर्टिविलिटी)

प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्ने सन्दर्भमा पुँजी खाताको परिवर्त्यताको मामिला पनि ठूलो समस्याको रुपमा पहिचानमा आएको छ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, १९९२ले नकारात्मक सूचीमा समावेश गरेको क्षेत्र बाहेक अन्य कुनै पनि आर्थिक तथा विकास क्षेत्रका उद्योगमा शतप्रतिशत विदेशी लगानी भित्रयाउने अनुमति दिएको छ । विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ ले पुँजी प्रवाहमा नियन्त्रण गर्ने व्यवस्था गरेको छ, जसका कारण नेपालमा पुँजीगत खाता परिवर्त्यताको सुविधा छैन । यस ऐनले नेपालबाट पुँजी बाहिरीनबाट बन्देज पनि लगाएको छ । वैदेशिक लगानी भित्रयाउन गर्नुपर्ने अनेकन व्यवस्थाहरुमा पुँजी खाता परिवर्त्यताको व्यवस्था गरीदिनुले वैदेशिक लगानी आकर्षित गर्न ठूलो फाईदा पुऱ्याउँछ (उदाहरणहरुका लागि Gilbert, Irwin & Vines, 2000 हेर्नुहोला) । पुँजी खाता परिवर्त्यताको व्यवस्था भई पुँजी निष्काशन सहज भएमा यसले विदेशी लगानीकर्ताहरुलाई नेपालमा लगानी गर्न हौसला बढाई दिन्छ । यस्तो व्यवस्था भएमा, लगानीकर्ताहरुले चाहेको बेलामा नेपालबाट आफ्नो पुँजी बाहिर लैजान पाउनेछन् भनेर ढुक्क भएर लगानी गर्न सकिने कुरामा विश्वस्त हुन पाउँछन् । यति मात्र होईन, नेपाली व्यवसायीहरुले पनि नेपाल बाहिर लगानी गर्ने अवसर पाउनेछन् । यसले दीर्घकालमा गएर, नेपालमा वैदेशिक लगानी भित्रयाउन सहयोग नै पुऱ्याउँछ किनभने विदेशी लगानीकर्ताहरुले अरुलाई भन्दा आफ्ना साझेदार कम्पनीलाई नै बढी विश्वास गरेका हुन्छन् । पुँजी हस्तान्तरणमा लागेको नियन्त्रण हटाई दिने हो भने, यसले खुला व्यापार र लगानीको क्षेत्रमा नेपालको दीर्घकालीन प्रतिबद्धता रहेको कुरा देखाउन पनि मद्धत पुऱ्याउँछ । तथापि, पुँजी खातामा उदारीकरण गरेर मात्र नेपाल जस्तो गरिब देशले विदेशी लगानी भित्रयाउन सक्दछ भन्ने कुरामा चाहिँ प्रश्न उठाउन सकिन्छ । देशको

आन्तरिक बजार संरक्षित राख्ने र संस्थागत व्यवस्था कमजोर रहने स्थितिमा पुँजी खातामा उदारीकरण गर्नका लागि लाग्ने लागतको तुलनामा फाइदा कम हुन सक्छ (Gilbert, Irwin & Vines, 2000) । माथि चर्चा गरिएका समस्याहरुको समाधान नखोजीकन, बहिर्गमनमा जान सक्ने पुँजी नियन्त्रणको व्यवस्थालाई खारेज गरीदिंदा देशबाट अनियन्त्रित रुपमा पुँजी बाहिरिन जाने खतरा भने बढेर जान्छ । यसका कारण देशको भुक्तानी सन्तुलन र परिवर्त्य मुद्राको दर (एक्सचेन्ज रेट)मा नकारात्मक असर पुऱ्याउन सक्छ । यसले अन्ततः देशमा आर्थिक अस्थिरता उत्पन्न गरीदिन सक्छ । यस्ता समस्याहरु हुँदाहुँदै पनि, देशमा वैदेशिक लगानी भित्रयाउनाका लागि पुँजी खाताको परिवर्त्यता सम्बन्धी व्यवस्थामा दोश्रो संशोधनको टड्कारो आवश्यकता देखिएको छ । यस संशोधन प्रत्यक्ष वैदेशिक लगानीलाई सहज पार्नका लागि आवश्यक संशोधन भएपनि पुँजी खाता परिवर्त्यताले वैदेशिक लगानी मात्र नभई अन्य धेरै क्षेत्रहरुमा पनि असर पार्ने हुनाले यसलाई विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनको एक अंशका रुपमा नभई छुट्टै ऐन र कानूनको व्यव्स्थाबाट लागु गर्नुपर्ने हुन्छ । माथि नै चर्चा गरेअनुसार पुँजी खाताको परिवर्त्यताको विषयमा संशोधन वा सुधार गर्दा देशको विविध क्षेत्रका घरेलु व्यवसायका बारेमा पनि गम्भीर विचार पुऱ्याउनु पर्ने हुन्छ ।

पुँजी खाता परिवर्त्यतालाई क्रमबद्ध रुपमा सुधार गर्दै लग्न सकिन्छ । यसमा सुधार गर्नका लागि हालै विकसित भएका नयाँ बजारहरु व्यवस्था अपनाउने देशहरुबाट धेरै कुराहरु सिक्न सकिन्छ । उदाहरणका लागि, भारतीय बजारलाई लिन सकिन्छ । भारतीय बजारले पुँजी खाता परिवर्त्यताको विषयमा पहिलो चोटी उदार निर्णय लिने र संशोधन गर्ने कदम चाल्दा ठूलो सतर्कता अपनाउने क्रममा पहिलो चरणमा ऋण सिर्जना नगर्ने पुँजी - जस्तै, प्रत्यक्ष वैदेशिक लगानी र धितोपत्र लगानी लाई सम्बोधन गरेको थियो (Gupta & Gupta, 2013) । विश्वमा वित्तीय लगानीको प्रवाह स्वतन्त्र रुपमा हुन सकेमा, त्यसले विकासोन्मुख अर्थतन्त्रलाई फाईदा पुऱ्याउँछ र यसले विश्वको वित्तिय स्रोत वृद्धि गर्न पनि मद्दत पुऱ्याईदिन्छ भन्ने कुरामा विश्वास गरिन्छ । अर्कोतिर, अल्प विकसित देशमा लगानीबाट आउने प्रतिफलको दर उच्च हुने हुनाले वैदेशिक लगानी प्रवाह हुन सक्ने संभावना धेरै ठूलो छ (Gupta & Sathye, 2004) ।

## ३.४ प्रत्यक्ष वैदेशिक लगानी र प्रविधि हस्तान्तरण

प्रत्यक्ष वैदेशिक लगानीसँगै आउने अर्को महत्वपूर्ण फाईदा नयाँ प्रविधिको प्रवेश पनि हो । वैदेशिक लगानी वृद्धि गर्नाका लागि गरिने प्रक्रियामा त्यसले के कस्ता नयाँ प्रविधिहरु भित्रयाउन मद्दत गर्दछ भन्ने विषय पनि जोडेर हेर्नु जरुरी छ । विगतमा नेपालमा अन्तर्राष्ट्रिय ऋण वा सहायता मार्फत देशमा संचालन भएका परियोजनाहरुलाई आवश्यक पर्ने प्रविधिहरु मात्र उपलब्ध हुन्थे । ती प्रविधिहरु परियोजनासँगै सरकारलाई हस्तान्तरण गरिएका हुन्थे । तर हालका वर्षहरुमा भने, नेपालको निजी क्षेत्रले पनि विदेशीसँगको साझेदारीमा ठूला र मझौला लगानीका केही उद्योगहरु स्थापना गरेका छन् (Nepal et. Al, 2012) । नेपालमा संयुक्त लगानीका उद्योगहरु स्थापना गर्न, प्राविधिक साझेदारी गर्न, नयाँ मेशिन, यन्त्र तथा अन्य औजारहरुको आयात गर्न, प्राविधिक सहयोग आदान-प्रदान गर्न र मानव स्रोतको परिचालन गर्नमा समेत वैदेशिक लगानीले विशेष र महत्वपूर्ण भूमिका खेलेको छ । यसै गरी अनौपचारिक माध्यमबाट पनि देशमा नयाँ प्रविधिहरु भित्रिएका छन् । त्यस्ता प्रविधिहरु नयाँ-नयाँ किताब, जर्नल, उद्योग तथा व्यवसायको प्रवर्द्धन गर्ने साहित्यहरु र व्यक्तिगत तथा संस्थागत सम्बन्धबाट आएका छन्, जसले अत्यन्त महत्वपूर्ण भूमिका खेलेका छन् । यसरी अनौपचारिक माध्यमबाट भित्रिएका अनेकन किसिमका प्रविधिहरु नेपालको साना तथा घरेलु उद्योगको क्षेत्रमा पनि देख्न सकिन्छ (Nepal et. Al, 2012) ।

नेपालको साना तथा मझौला उद्योगमा प्रविधि हस्तान्तरण गर्न आईपरेका समस्याहरुबारे केन्द्रित भएर अर्थशास्त्रीहरु चिरञ्जीवी नेपाल, विश्वराज कार्की र काव्यप्रसाद निरौलाले एक अध्ययन गरेका थिए । अल्प विकसित देशहरुमा राष्ट्रिय अर्थतन्त्रको कुल उत्पादनमा ४० देखि ६० प्रतिशतको योगदान साना तथा मझौला उद्योगले उत्पादन दिने हुँदा नेपालमा यी साना तथा मझौला उद्योगहरुमा उल्लेख्य रुपमा नयाँ प्रविधिहरु कसरी ल्याउन सकिन्छ भन्ने विषय अत्यन्त महत्वपूर्ण हुन्छ । अहिलेको समयमा प्रविधि हस्तान्तरणको क्षेत्रमा देखिएका मुख्य बाधा र व्यवधानहरुमा नयाँ प्रविधिहरु पर्याप्त रुपमा पहिचान गर्ने व्यवस्थाको अभाव, प्राविधिक पूर्वाधार र प्राविधिक जनशक्तिको कमी र जगेडा पार्टपूर्जाहरु उपलब्ध नहुनु जस्ता सम्सयाहरु पर्दछन् (Nepal, Karki & Niroula, 2012) ।

## ३.५ विश्व व्यापार संघ प्रति नेपालको प्रतिबद्धता

२३ अप्रिल, २००४मा नेपालले विश्व व्यापार संघ को पूर्ण सदस्यता पाएको थियो (WTO, 2013a) । विश्व व्यापार संघको सम्झौता पत्रको हस्ताक्षरकारी देश हुन पुगेकोले नेपालले अन्तर्राष्ट्रिय कानून अन्तर्गत विश्व व्यापार संघले व्यवस्था गरेको नियम र कानूनहरुलाई आफ्नो देशको कानून सरह मान्यता दिनु अनिवार्य छ। विश्व व्यापार संघको व्यवस्थाअनुसार वैदेशिक लगानीलाई प्रभाव पार्ने गरी यसमा दुईवटा विशेष प्रावधान पर्दछन् । पहिलो व्यवस्था व्यापार सम्बन्धी लगानीका मापदण्डहरु (ट्रेड रिलेटेड ईन्भेष्टमेन्ट मेजर्स - ट्रिम्स्)हो जुन वस्तुहरुको व्यापार सम्बन्धी बहुपक्षीय सम्झौता (मल्टीलेटरल एग्रीमेन्टस् अन ट्रेड ईन गुड्स) को एक अंश हो । दास्रो व्यवस्था चाहिँ, व्यापार र सेवा सम्बन्धी महासन्धि (जेनरल एग्रीमेन्ट अन ट्रेड एण्ड सर्विसेज् -ग्याट्स) हो जसले सेवाको क्षेत्रमा वैदेशिक लगानीलाई सम्बोधन गर्दछ (WTO 2013, b)।

ट्रिम्स (ट्रेड रिलेटेड ईन्भेष्टमेन्ट मेजर्स) सम्झौताले वस्तुको व्यापारमा लागेका प्रतिबन्धात्मक व्यवस्था र अन्य व्यापारिक खिचोलाहरुलाई सम्बोधन गरेर लगानीका मापदण्डहरुलाई सहजीकरण गर्दछ । ग्याट (व्यापार र अन्तःशुल्क सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अर्थात जेनरल एग्रीमेन्ट अन ट्रेड एण्ड ट्यारिफ) को धारा ३मा राष्ट्रिय व्यवहार(कानून) भनी उल्लेख भएको व्यवस्था र ग्याटकै धारा ११मा परिमाणात्मक बन्देज भनी उल्लेख भएको व्यवस्थासँग बाझिने गरी  लगानीका नियमहरु बनाउन र लागू गर्नबाट सदस्य राष्ट्रहरुलाई प्रतिबन्धित गरिएको हुन्छ । अन्य शब्दहरुमा भन्ने हो भने, विश्व व्यवापार संघको सन्धिमा हस्ताक्षर गर्ने पक्षहरुले विदेशी लगानीकर्ता र स्थानीय लगानीकर्तालाई बराबरीको मर्यादा दिनु पर्दछ। यिनीहरुका बीचमा हुने व्यापारको सम्बन्धमा लागेका परिमाणात्मक प्रतिबन्धहरु हटाई दिनु पर्दछ (अर्थात् भन्सार, कर र सामान्य शुल्कहरु बाहेक अन्य सबै प्रतिबन्धहरु हटाई दिनु पर्दछ) । जेनरल एग्रीमेन्ट अन ट्रेड एण्ड सर्विसेज् - ग्याट्सले बजारमाथिको पहुँचमा प्रतिबन्ध, स्वदेशीसरहको व्यवहार, व्यापारलाई वस्तुपरक तथा पारदर्शी बनाउनका लागि सिर्जना गरिएका क्वालिफिकेशन तथा अनुमतिपत्र अनिवार्यता जस्ता नियन्त्रात्मक अभ्यासका विषयहरुलाई नियमबद्ध गरेको छ ।

नेपाल एक अति कम विकसित देश (लिइस्ट डेभेलप कन्ट्री) भएका हिसाबले विश्व व्यापार संघमा विशेष र डिफरेन्सीयल व्यवहार (स्पेशल एण्ड डिफरेन्सीयल ट्रीटमेन्ट - एसटीडी)को सुविधा प्राप्त गर्न योग्य छ । यस व्यवस्था अनुसार, यस्ता अति कम विकसित देशहरुले आफ्नो राष्ट्रिय उद्योग तथा व्यवसायहरुको विकास गर्न तथा अन्तर्राष्ट्रिय व्यापारको क्षेत्रमा प्रभावकारी सहभागिता जनाउनका लागि सुनिश्चितता दिने विशेष सुविधाहरु प्रयोग गर्न पाउँछन् । यस्ता विशेष व्यवस्थाहरुमा, वैदेशिक लगानी सम्बन्धी राखिएका विशेष धाराहरु चाहिँ, धारा ४.१, धारा ४.२, व्यापार र सेवा सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (जेनरल एग्रीमेन्ट अन ट्रेड एण्ड सर्विसेज्- ग्याट्स)को दुरसंचार सम्बन्धी अनुसूची, धारा ६५.१, धारा ६६.१ र ६६.२, धारा ६७, धारा ५.१, ५.२ र ५.३ पर्दछन् । यस्ता व्यवस्थाहरुले अल्प विकसि देशहरुलाई पनि अन्तर्राष्ट्रिय व्यापारमा संलग्न हुन र सुविधाजनक शर्तमा व्यापार गर्न प्रोत्साहित गर्दछन् । यस व्यवस्था मार्फत अल्प विकसित देशहरुले, प्राविधिक सहयोग र अन्य लचिला व्यवस्थाहरुको उपयोग गर्न पाउँछन् । नेपालले यस व्यवस्थामा हस्ताक्षर गर्दा, यसले व्यापार सम्बन्धी लगानीका मापदण्डहरु बनाएको थिएन । त्यसैले संयुक्त राष्ट्र संघीय आर्थिक तथा समाजिक विषय सम्बन्धी महाशाखा र विकास सम्बन्धी नीति हेर्ने सचिवालय समिति-२०१२ ले नेपाललाई ट्रिम्ससँग मेल नखाने मापदण्ड राखेको भनेर कुनै सूचना दिएको छैन । अहिले ट्रिम्सले व्यवस्था गरेको विशेष र डिफरेन्सीयल व्यवहार सम्बन्धी व्यवस्था (स्पेशल एण्ड डिफरेन्सीयल ट्रीटमेन्ट, एसडीटी)लाई एक्सेसन कमिटीले प्रतिस्थापन गरी सकेको छ । ग्याट्सको एसडीटी सम्बन्धी प्रावधानहरुमा, अति कम विकसित देशहरुले घरेलु सेवाको क्षेत्रमा सुधार गर्न, व्यापार क्षमता वृद्धि गर्न, आवश्यक प्रतिस्पर्धा बढाउन, प्रविधिमा पहुँच बनाउनका लागि अन्तर सम्बन्ध विकसित गर्न, वितरण प्रणालीमा सुधार ल्याउन, सूचना सञ्जाल विकसित गर्न र उनीहरुले रुचि राखेका बजारमाथिको पहुँचमा उदार नीति अपनाउने विशेष प्रतिबद्धता देखाएमा, त्यस्ता देशहरुसँग व्यापार सम्झौता गर्न विशेष प्राथमिकता दिनु पर्ने माग गरिएको छ । यस बाहेक, अति कम विकसित देशहरुलाई प्राविधिक सहयोग दिन, त्यहाँ क्षमता वृद्धिका कार्यक्रमहरु चलाउन र तिनका संस्थागत तथा मानवीय स्रोत विकास गर्नका लागि आवश्यक पर्ने सुविधा दिन पनि ट्रिम्सको प्रतिबद्धता रहेको छ । अल्प विकसित देशमा दुरसंचार सेवाको विकास गर्न विशेष व्यवस्था गरिएको छ । तिनलाई दुरसंचार सेवाको विकास गर्न आवश्यक पर्ने प्रविधि हस्तान्तरण,

तालिम तथा अन्य कार्यक्रममा सहभागी हुन विदेशी आपूर्ति कर्ताहरुलाई विशेष प्रोत्साहन दिईएको छ (United Nations Development of Economic and Social Affairs and the Committee for Development Policy Secretariat, 2012) । माथि चर्चा गरिएका प्रावधानहरुमाथि विचार गर्दा, विश्व व्यापार संघको व्यवस्था प्रति गम्भीर प्रतिबद्धता देखाउन र देशमा वैदेशिक लगानी आकर्षित गर्नाका लागि आवश्यक व्यवस्थाहरुको विकास गर्न नेपालले प्रशस्त काम गर्नु पर्ने देखिएको छ ।

## ३.६ नकारात्मक सूची

देशको सुरक्षा व्यवस्थामा असर पर्न जाने कारणले कतिपय विशेष उद्योगहरुमा विदेशी लगानी ल्याउन प्रतिबन्ध लगाईने गरिएको छ । नेपालमा नकारात्मक सूचीमा परेका केही थोरै क्षेत्रका उद्योगहरुमा बाहेक, अन्य सबै जसो क्षेत्रमा विदेशी लगानी भित्रयाउन पूर्णत छुट दिईएको छ । केही क्षेत्रहरुमा विदेशी लगानी लिन वञ्चित गर्नु पर्नाको केही कारणहरुमा, देशको साना तथा मझौला उद्योगहरुको संरक्षण एवं प्रवर्द्धन गर्न र राष्ट्रिय सुरक्षामा नकारात्मक असर पर्न नदिने आदिलाई उल्लेख गरिन्छ । तर राज्यले उद्योगलाई संरक्षण दिने भन्ने जस्ता तर्कहरुलाई व्यवहारिक आर्थिक अनुसन्धानहरुले निकालेको प्रमाणहरुले तथ्य नभएको देखाइसकेका छन् । यसैगरी विदेशी लगानी लिन रोक लगाएर र अन्तर्राष्ट्रिय बजार प्रतिस्पर्धामा जान नदिएर घरेलु उद्योगहरुलाई संरक्षण दिन चाहेको तर्क दिनु झनै प्रत्युत्पादक हुने कुरा हो किनभने संरक्षित गरिएका घरेलु उद्योगहरु सरकारी अनुदानमा निर्भर रहेर बाँच्नु पर्ने हुन जान्छ (Baldwin, 1982; Feenstra, 1992 हेर्नुहोला) ।

धेरैजसो देशले मुद्राको छपाई, हतियार र गोला बारुदको उत्पादन तथा रेडियो एक्टिभ ऊर्जा उत्सर्जन गर्ने उद्योगहरुलाई विदेशी लगानी लिन नपाउने उद्योग भनेर, आधारभूत रुपमै नकारात्मक सूचीमा राखेका हुन्छन् । यस्ता उद्योगहरुले जनस्वास्थ्यमा ठूलो खालको प्रतिकुल असर पार्न सक्दछन्, वा देशको सार्वभौमसत्तामा सोझै नकारात्मक असर पुऱ्याएर देश नै चल्न नसक्ने अवस्थामा पुऱ्याई दिन सक्दछन् । तर नेपालले आफ्नै अभ्यासबाट धेरै कुरा सिकेको छ ।

नेपालले विदेशी लगानी ऐन, १९८६ को अनुभवबाट निकै लामो नकारात्मक सूची र शर्तहरु राख्दा वैदेशिक लगानी भित्रयाउन कठिन हुने कुरा महसुस गरेको थियो[3] । यसमा गम्भीर भएर ध्यान दिनुपर्ने कुरा के छ भने, विदेशी लगानीको सन्दर्भमा धेरै शर्तहरु राख्दा तिनले घरेलु उद्योगको संरक्षण त गर्छन, तर तिनै उद्योगहरुलाई क्षमताहीन, अकर्मण्य र प्रभावहीन बनाएर अन्ततः रुग्ण उद्योगमा परिणत पनि गरिदिन्छन् ।

धेरै शर्तहरु र अनेकन आवश्यकताहरु थुपारेर वैदेशिक लगानी सम्बन्धी नीतिहरु बनाउँदा, त्यस्ता नीतिहरुले विदेशी लगानी आकर्षित गर्नु भन्दा लगानीकर्तालाई नै निरुत्साहित गरिदिन्छन् । वैदेशिक लगानी भित्रयाउनका लागि स्वदेशी साझेदार राख्नै पर्ने, विदेशीहरुलाई कुनै पनि कम्पनीको पूर्ण स्वामित्व नदिने जस्ता बाध्यकारी नियम बनाई दिने हो भने, यस्ता नीतिहरुले विदेशी लगानीकर्ताहरुलाई त्यो देश विदेशी लगानी भित्रयाउन ईच्छुक छैन भन्ने सन्देश दिन्छन् । तथापि, स्वदेशी उद्योगहरु मार्फत बजार प्रतिस्पर्धाको सीमा तोक्न र विदेशी लगानी लिनका लागि अनेकन शर्तहरु थुपार्न दबाब पर्न सक्छ (घरेलु उद्योगको सुरक्षा गर्न, प्रवर्द्धन गर्न र त्यसको उत्पादन बढाउनका लागि भनेर) । तसर्थ, विदेशी लगानी लिन नहुने उद्योग भनेर बनाईने नकारात्मक सूची सानो र छोटो हुनुपर्दछ । अर्थात् घरेलु उद्योगको तर्फबाट जतिसुकै दबाव परे पनि, (विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, १९९२) मा जस्तै उद्योगको नकारात्मक सूची सामान्य र थोरै राख्नु नै उत्तम हुन्छ (The Himalayan Times, 2013) ।

3 यसका लागि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, १९९२ आउनु अघि र पछिका विदेशी लगानी आगमन सम्बन्धी उपलब्ध तथ्याङ्क उद्योग विभागमा हेर्नुहोला ।

# ४.वैदेशिक लगानी आकर्षित गर्न अघि बढ्ने बाटो

देशमा वैदेशिक लगानी भित्रयाउने विषयमा नेपालले स्पष्ट दृष्टिकोण बनाउनु पर्ने समय आईसकेको छ । एक अल्प विकसित देश भएका हिसाबले नेपालले लगानीतर्फ उन्मुख हुन सक्ने पर्याप्त बचतको अभावको सामना गर्नुपर्ने हुन्छ । उत्पादकको मूल्यको आधारमा, नेपालको संज्ञात्मक कुल गार्हस्थ उत्पादन (जीडीपी)को १० प्रतिशतको हाराहारीमा मात्र कुल गार्हस्थ वचत (जीडिएस) रहेको छ (Nepal Rastra Bank, 2012) । यस्ता तथ्यहरुले के देखाउँछन् भने नेपालले आफूसँग भएको स्रोत परिचालन गरेर आर्थिक वृद्धि दर बढाउन वैदेशिक पुँजी भित्रयाउनु जरुरी छ । वैदेशिक अनुदान  पनि एक विकल्पका रुपमा हेरिँदा व्यवसायिक विदेशी लगानीले अझ राम्रो नतिजाहरु निकाल्न सक्छ । यस कारण वैदेशिक लगानी भित्रयाउनाका लागि नेपालले विद्यमान ऐन, कानूनमा तत्काल दोस्रो चरणको सुधार ल्याउनु अति आवश्यक भईसकेको छ । यस लेखमा प्रस्तुत गरिएका आधारहरुलाई विश्लेषण गर्दा, निम्न मापदण्डलाई ध्यानमा राखी दोस्रो चरणको सुधार गर्दा नेपालको आर्थिक वृद्धिलाई सही मार्गतिर डोहोऱ्याउन सकिन्छ :

## ४.१ द्विपक्षीय सम्झौताहरु

१. जुन देशबाट बढी भन्दा बढी र ठूला वैदेशिक लगानी आउन सक्दछन्, त्यस्ता देशहरुसँग नेपालले द्विपक्षीय लगानी सम्झौताहरु गर्नु पर्दछ । यसले आतिथेय देश (लगानी लिन चाहने देश) स्थापित विदेशी लगानी संरक्षण गर्न प्रतिबद्ध छ भनेर अन्य देशका लगानीकर्ताहरुमा पनि सकारात्मक सन्देश पुऱ्याउँदछ ।

२. छिमेकी देश भारतसँग सकेसम्म चाँडो विद्युत व्यापार सम्झौता गर्नु पर्दछ । तर यस्तो सम्झौता गर्दा भारतले हाल लगाउने गरेको २ प्रतिशत भन्सार शुल्कलाई हटाइनु पर्दछ । यस भन्सार शुल्कलाई स्वीकार गर्दा नेपालमा विद्युत उत्पादनको लागत मूल्य बढेर जान्छ । यो सम्झौता गरेपछि, तामाकोशी–३, माथिल्लो कर्णाली र अरुण–३ जस्ता ठूला जलविद्युत आयोजनाहरु निर्माण गर्नका लागि आवश्यक वातावरण तयार पार्न पनि सहयोग पुग्न जान्छ ।

## ४.२ व्यवसायिक वातावरण

### ४.२.१ कारोबारको बढ्दो लागत

१. वैदेशिक लगानीको स्वीकृति दिने प्रक्रिया सरल र अटोम्याटिक बनाईनु पर्दछ । यस्ता कामहरु गर्दा कम भन्दा कम मानवीय सम्पर्क हुने प्रक्रिया अपनाउनु पर्दछ । यसो गरेमा भ्रष्ट्राचार, घुसखोरी र प्रशासनिक झमेलाहरुलाई घटाउन सकिन्छ । यस्ता प्रक्रियाहरुलाई टुङ्गो लगाउनका लागि भियतनामले स्थानीय निकायलाई अधिकार प्रदान गरेको छ । यस्ता प्रावधानले स्थानीय निकायलाई सक्षम बनाएको छ भने वैदेशिक लगानी भित्रयाउने प्रक्रियालाई पनि सरल बनाई दिएको छ । यस्ता अभ्यासहरु नेपालका लागि पनि महत्वपूर्ण पाठ हुन सक्दछन् । वैदेशिक लगानी भित्रयाउने कार्यको सम्झौता आदि गर्ने अधिकार स्थानीयकरण गरी र यसका प्रक्रियाहरुलाई सकेसम्म सरल बनाउनु पर्दछ । यसो गर्दा उच्च स्तरका प्रशासकहरुलाई नीति निर्माण सम्बन्धी छलफल चलाउन वा निगरानी प्रक्रियाका कार्यहरु गर्न समय उपलब्ध हुन जान्छ ।

२. वैदेशिक लगानी गर्न चाहनेहरुका लागि आवश्यक पर्ने शर्त वा मापदण्डहरु पनि साधारण बनाउनु पर्दछ । ती मापदण्डहरु, निगरानी प्रक्रियाका कार्यहरुलाई प्रभावकारी बनाउन सहयोगी हुने गरी बनाईनु पर्दछ । नेपालमा स्वीकृत भएका वैदेशिक लगानीका तथ्याङ्क र अन्य विवरण राख्ने काम उद्योग विभागले सक्षमतापूर्वक गरिरहेको छ । तर यसले नेपालमा वैदेशिक लगानीको वास्तविक स्थिति के छ भन्ने कुरा अझै पनि स्पष्ट बताउन सकेको

छैन । केही सामान्य शर्त र मापदण्डहरु मात्र भएको प्रावधान बनाई दिने हो भने उद्योग विभागले पनि यसबारेमा गुणस्तरीय र अद्यावधिक तथ्याँक उपलब्ध गराउन सक्ने थियो ।

## ४.२.२ भूमि अधिग्रहण

१. सरकारी स्वामित्वमा रहेका भूमिलाई स्वदेशी तथा विदेशी लगानीकर्ताहरुले उत्पादन वृद्धि गर्न वा व्यवसायिक प्रयोगमा ल्याउन सक्ने गरी भूमि ऐन, १९६४मा संशोधन गरीनु पर्दछ ।

२. स्वदेशी वा विदेशी व्यवसायीले कृषि उत्पादकत्व बढाउनका लागि सरकारी स्वामित्वमा रहेका भूमिमा ठेक्कामा खेती गर्न पाउने र भाडामा लिन सक्ने गरी सम्झौता आदि गर्न सक्षम हुने गरी कृषि व्यवसाय ऐनलाई क्रियाशिल गराउनु पर्दछ । यस्तो ऐनको अभाव रहेकोले कृषि क्षेत्रलाई व्यवसायिकरण गर्न आवश्यक ठूलो लगानी निम्त्याउन तथा आधुनिक प्रविधिको प्रयोग गर्ने विषयमा अनेकन चुनौती देखापरेका छन् ।

## ४.२.३ भौतिक पूर्वाधार

१. सडकको दुरावस्थाले ढुवानी खर्च बढाई दिन्छ र कार्य क्षमता पनि घटाई दिन्छ । नेपालको सडक पूर्वाधारमा सुधार गर्नका लागि विशेष र थप लगानीको आवश्यकता देखिएको छ ।

२. नेपालको यातायात क्षेत्रमा चलिरहेको सिण्डीकेट जस्ता समस्यालाई निर्मूल गर्न सरकारले कडाईका साथ कानून लागू गर्नु पर्दछ । सडकमा देखिएका समस्या र बाधाहरु राजनैतिक आम्दानीसँग जोडिएका छन् । नेपाल सरकारले सबै भन्दा पहिले त, कुनै निश्चित क्षेत्रको सिण्डीकेट प्रथालाई तोडेर सडक यातायातको क्षेत्रमा नमूना कार्यक्रम शुरु गर्न सक्दछ । सडक यातायात सुलभ गराउनका लागि आवश्यक पर्ने नीतिगत सुधारहरु पनि लागू गर्दै जानु पर्छ । यस्ता काम शुरु गर्नका

लागि एउटा औजार चाहिँ सडक क्षेत्रमा चलिरहेको सिण्डीकेट प्रथालाई तोड्न चाहने र तिनको नियन्त्रणमा रहेका सडक मार्गहरु (रुट)मा आफ्नो व्यवसाय चलाउन चाहने नयाँ यातायात व्यवसायीहरुलाई सुरक्षा उपलब्ध गराउनु पनि हुन सक्छ ।

### ४.२.४ लिक्वीडेशन (उद्योग/व्यवसाय बन्द गर्ने)

१. कुनै व्यवसायीले आफूले सञ्चालन गरीरहेको व्यवसाय वा उद्योगबाट हात झिक्न चाहेमा, हाल चालु रहेका ऐन, कानूनमा भएका अनिश्चिततालाई हटाई दिएर, लिक्वीडेशनको प्रक्रियालाई सहज बनाईदिनु पर्दछ । यस बाहेक, लिक्वीडेशनको प्रक्रियामा अदालतको भूमिकालाई पनि स्पष्ट पारिदिनु पर्दछ । हाल अभ्यासमा रहेको जस्तो लिक्वीडेटरको दोहोरो भूमिकालाई हटाई दिनु पर्दछ ।

## ४.३ वैदेशिक लगानीको सम्बन्धमा विश्व व्यापार संघसा नेपालको प्रतिबद्धता

१. देशमा विदेशी लगानीको प्रवाह बढाउन, नयाँ-नयाँ प्रविधि भित्र्याउन र त्यसबाट बढी भन्दा बढी लाभ लिनका लागि नेपालले विश्व व्यापार संघले व्यवस्था गरीदिएको स्पेशल एण्ड डिफ्रेन्सीयल ट्रीटमेन्ट (एसटीडी)को भरपुर उपयोग गर्नु पर्दछ । नेपालका लागि, एसटीडीका प्रावधानहरु अति उपयोगी औजार सिद्ध हुन सक्छन् । यसले नेपालको घरेलु उद्योगको क्षमता वृद्धि गर्न सघाउने छ । साथै वैदेशिक लगानी भित्र्याउने सन्दर्भमा, नेपालले उदार नीति लिएको भन्ने कुरामा थप प्रतिबद्धता पनि देखिन जान्छ ।

## ४.४ लगानीको सीमा र बन्देज

१. वैदेशिक लगानीको लागि न्यूनतम् रकम भनेर ५० हजार अमेरिकी डलर सीमा तोक्नुले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, १९९२ को मूल

मर्ममाथि नै असर पु्र्याएको छ । त्यस कारण यस्ता व्यवस्थाहरु कुनै पनि आर्थिक क्षेत्रमा लागू गरिनु हुँदैन । खास गरी, सूचना र प्रविधिको क्षेत्रमा त लागू गर्नु नै हुँदैन । घरेलु उद्योगको संरक्षण गर्ने नाममा यस्ता व्यवस्थाहरु लागू गरीएमा नेपालमा लगानी गर्न चाहनेहरु निरुत्साहित हुन पुग्छन् । प्रशासनिक निर्णयबाट आएका यस्ता व्यवस्थाहरुलाई अदालतमा मार्फत निरस्त गरिनु पर्दछ । यस्ता व्यवस्थाहरुले सानो लगानीबाट पनि राम्रो फाईदा लिन सकिन्छ भन्ने नयाँ सिद्धान्तमा आधारित भएर स्थापना हुन सक्ने उद्योगहरुलाई नकारात्मक असर पु्र्याउँछन् । वास्तवमा यस्ता सीमा र बन्देजहरुको व्यवस्थाले वैदेशिक लगानीको प्रक्रिया झन्झटपूर्ण हुन जान्छ । नेपालको आर्थिक विकास अहिलेको जस्तो प्रारम्भिक चरणमा भएका बेला वैदेशिक लगानी अपरिहार्य छ रे वैदेशिक लगानी आकर्षित गर्ने क्रममा ठूला ठूला शर्तहरु राख्ने स्थीतिमा नेपालले अझै पुगिसकेको छैन ।

## ४.५ खुला दृष्टिकोण र नीतिगत तथा कानूनी क्षेत्रमा वृहत परिवर्तनको आवश्यकता

वैदेशिक लगानीको प्रवाहमा, सन् १९९० देखि नै ठूला परिवर्तनहरु आईरहेका छन् । विश्वका नयाँ बजारहरुले उच्च प्रतिफल दिने वाचा गरीरहेका छन् । अल्प विकसित देशबाट विकसित देशमा लगानीका लागि पुँजी प्रवाह हुने पुरानो परम्परा, केही मात्रामा भएपनि उल्टिन गएको छ । भारत, चीन, भियतनाम, लाओस, र कम्वोडिया जस्ता एशियाका केही देशहरुमा स्थापना भएका नयाँ-नयाँ बजारहरुमा, अन्तर्राष्ट्रिय व्यापारीहरुले बढी भन्दा बढी लगानी गर्न प्रतिस्पर्धागरिरहे का छन् (UNCTAD, 2006) । नेपालले देशको आर्थिक विकास गर्ने प्रक्रियालाई अघि बढाउन आवश्यक पर्ने वैदेशिक लगानी भित्रयाउन गम्भीर चासो देखाउने हो भने पनि, यसले एशियामा चलिरहेको कडा प्रतिस्पर्धाको सामना गर्नु पर्ने हुन्छ । वस्तुतः नेपालले नीतिगत सुधारका पक्षतिर कदम बढाउनु नै सुविधाजनक हुन सक्छ । नेपालले आफ्नै अनुभवबाट र आफ्नै सन्दर्भबाट सिक्नु पर्ने धेरै कुराहरु छन् । त्यसैले देशको वृहत आर्थिक क्षेत्रको विकास गर्नका लागि, नेपालले सबैभन्दा पहिले आफूभित्रैबाट सुधार गर्दै जानु नै सहज र उत्तम मार्ग हुन जानेछ ।

वैदेशिक लगानीको क्षेत्रमा दास्रो चरणको सुधारको आवश्यकता नकार्न मिल्दैन । यसका लागि विद्यमान नीति, ऐन तथा कानूनहरु लगायत प्रशासकीय प्रणालीहरुका समय सुहाउँदो सुधार वा संशोधन गर्न आवश्यक पर्ने रणनैतिक दृष्टिकोण तयार पार्नु पर्दछ । यस विषयमा भएको पहिलो चरण्को सुधारले वैदेशिक लगानीको प्रवेशलाई सहज पार्न ध्यान दिएको भए पनि नेपालको नीतिगत वातावरणमा धेरै अस्थिरताहरु रहेका छन् । नेपालमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन मार्फत कर छुटको प्रावधान ल्याए पनि ती व्यवस्थाहरुलाई आयकर ऐनसँग समायोजन गरिएका छैनन् । यसै गरी, सरकारको कुनै एक निकायले वैदेशिक लगानीलाई स्वीकृत गर्न नसक्ने प्रावधान पनि कायमै छ र अहिलेको नीति अनुसार, कुनै वैदेशिक लगानीलाई स्वीकार गर्नका लागि अनेकन सरकारी निकायको सक्रिय संलग्नता हुनु पर्ने व्यवस्था गरिएको छ । यस कारण अब हुने संशोधन वा सुधारका कार्यक्रमहरुले यस्ता नीतिगत अस्थिरता र विरोधाभाषहरु हटाउन तिर नै ध्यान केन्द्रित गर्नु पर्दछ । यसका साथै सरल र प्रभावकारी कार्यान्वयन प्रणालीको व्यवस्था गर्ने तर्फ विशेष जोड दिनु पर्दछ । यसमा वैदेशिक लगानी स्वीकृत गर्नका लागि कुनै एक निकायलाई अधिकार प्रत्यायोजन गरिदिनु पर्दछ। बढी भन्दा बढी वैदेशिक लगानी आकर्षित गर्ने नीति बनाईनु पर्दछ। देशमा बढी भन्दा बढी वैदेशिक लगानी आकर्षित गर्ने हो भने त्यस्ता लगानी स्वीकृत गर्नका लागि सरकारले एकद्वार प्रणाली मार्फत एक निकायबाट सबै काम सम्पन्न हुने गरी सरलतम् व्यवस्था गरीदिनु पर्दछ ।

वैदेशिक लगानी प्रर्वद्धनका लागि गरिने दोस्रो चरणको सुधार (अर्थात नीतिगत सुधारका कार्यहरु) गर्दा, अर्थतन्त्रका विभिन्न महत्वपूर्ण क्षेत्रहरुमा पनि विशेष महत्व दिएर वैदेशिक लगानी आकर्षित गर्ने लक्ष्य राखी अगाडि बढ्नु पर्दछ। जलविद्युत विकासको क्षेत्रमा, विद्युत ऐन, १९९२ लागू छ। यो ऐन साना लगानीका जलविद्युत आयोजनाहरु निर्माण गर्न बल पुऱ्याउने उद्धेश्यले निर्माण गरिएको थियो । यसै कारण यस ऐनले ठूला लगानीका जलविद्युत आयोजनाहरुलाई समेट्न सकेको छैन । यस ऐनले ठूला लगानीका जलविद्युत आयोजनाहरुलाई आवश्यक पर्ने पुनर्स्थापना नीति, विद्युत प्रसारण लाईन निर्माण गर्न आवश्यक पर्ने कानून र जलविद्युत आयोजनाको वहुविधि उपयोग गरेर अनेकन फाईदा उठाउन सकिने विषयलाई सम्बोधन गर्न सकेको छैन । यस बाहेक, हालको विद्युत ऐनले

ठेक्का, बोल कबोलका लागि आवश्यक पर्ने प्रतिस्पर्धात्मक पद्धति निर्माण गर्ने दृष्टिकोण समेत विकास गर्न सकेको छैन । व्यवसायिक कारोबारमा अपनाईनु पर्ने पारदर्शिता पनि अपनाईएको छैन । जलविद्युतको क्षेत्रमा चलिरहेका यस्ता अपारदर्शी र अन्यौलग्रस्त प्रावधानहरुले देशलाई नै पीडित बनाई दिएको छ । यसै गरी, शिक्षाको क्षेत्रमा पनि अनेकन समस्या छन् । विश्वविद्यालय अनुदान आयोग ऐन, १९९३ अनुसार नेपालमा निजी विश्वविद्यायल खोल्न पाउने व्यवस्था नै छैन । तर यो ऐन, नेपालको निजी क्षेत्रमा विश्वविद्यालयहरुको विकास गर्ने उद्धेश्यले निर्माण गरिएको भए पनि, निजी विश्वविद्यालयले खोल्नका लागि यसले साँघुरो ढोका मात्र खोलिदिएको छ । यसको परिणाम स्वरुप, देश बाहिरका विश्वविद्यालयबाट सम्बन्धन लिएर संचालनमा रहेका र उच्च स्तरको व्यवस्थापन क्षमता विकसित गरिसकेका अनेकन कलेजहरुले स्वतन्त्र विश्वविद्यालय बन्ने अवसर पाउन सकेका छैनन् । वास्तवमा, नेपालमा ठूलो मात्रामा वैदेशिक लगानी आकर्षित गर्न सक्ने क्षेत्र, उच्च शिक्षाको क्षेत्र पनि हो । यिनले वैदेशिक लगानीबाट देशको आर्थिक विकासमा ठूलो योगदान दिन सक्ने संभावना छ । यस्ता क्षेत्रले क्षमतावान मानव स्रोतको विकास मात्र नभई ठूलो संख्यामा विदेशी विद्यार्थीहरुलाई आकर्षित गरेर देशको अर्थतन्त्रलाई पनि मजबुत बनाउन योगदान दिन सक्छन् ।

यसै गरी, देशमा लागू रहेको औद्योगिक व्यवसाय ऐन, १९९२ ले पनि सूचना प्रविधिको क्षेत्रलाई उद्योगको रुपमा मान्यता दिएको छैन । यसले गर्दा उत्पादन तथा सेवामूलक उद्योग तथा व्यवसायहरुले विदेशी लगानी भित्रयाएर जे जति फाईदा लिने अवसर पाएका छन्, ती सबै अवसरबाट सूचना प्रविधिको उद्योग भने बञ्चित रहन पुगेको छ । विद्यमान ऐन नै सूचना प्रविधिको क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्नका लागि ठूलो बाधाको रुपमा उपस्थित छ । सूचना प्रविधिको क्षेत्र नेपालले वैदेशिक लगानी भित्रयाउन अगाडि बढ्ने क्रममा तुरुन्तै सफलता हासिल गर्न सक्ने सम्भाव्य क्षेत्र हो । यस्ता अवसरहरुको नेपालले फाईदा लिन सक्नु पर्दछ ।

व्यवसाय गर्ने वातावरणको सहजताको हिसाबमा नेपाल अरु प्रतिस्पर्धी देशहरुको तुलनामा निकै पछाडि छ । सानो र सङ्कुचित बजार, भूपरिवेष्ठित देश र कठिन भूगोलले झनै व्यवसाय गर्न नेपाल आउने आर्कषण कम

गरिदिन्छन् । यस कारण नेपालले विदेशी लगानी निम्त्याउन विशेष फड्को मार्नु जरुरी भएको छ । नेपालले कम्तीमा पनि, प्रतिस्पर्धात्मक बजार निर्माण गर्न सहयोग पुऱ्याउने नीतिगत सुधार गर्नु आवश्यक छ । साथै छिमेकको दुई देशमा बढिरहेको मध्यम स्तरको जनसङ्ख्या र त्यहाँ खुली रहेका नयाँ बजारसम्म पहुँच बनाउनका लागि र व्यवसायिक अवसर उपयोग गर्नका लागि विद्यमान नीति तथा कानूनी संरचनामा आवश्यक परिवर्तन/संशोधन गर्नु पर्दछ । वास्तवमा यिनै कुराहरु (बजारमाथिको पहुँच र खुला प्रतिस्पर्धा) नै दोश्रो चरणको सुधारका लागि निर्देशक तत्व बन्नु पर्दछ ।

# सन्दर्भ सामग्रीहरु


Adhikari, R. (2013). 'Foreign Direct Investment in Nepal: Current status, prospect and challenges', South Asian Watch on Trade, Economics and Environment, Working Paper No. 01/13, pp. 1-29.

Chaunlagain, Y. (August 28, 2012). Official Development Assistance in Nepal: A Development Perspective. E-International Assistance. Retrieved on June 28, 2013 from http://www.e-ir.info/2012/08/28/official-development-assistance-in-nepal-a-development-perspective/

Chen, S. (2011, April 18). BBC News - Chinese overseas students 'hit record high'. Retrieved May 30, 2013, from http://www.bbc.co.uk/news/world-asia-pacific-13114577

Deuba, S.B. (2013, June 12). Vision for Tomorrow. Kathmandu: Republica Daily.

Dhungel, K.R. & Rijal, P. (2012). Investment Prospects & Challenges for Hydropower Development in Nepal. (p. 28). Kathmandu: Samriddhi, The Prosperity Foundation.

Federation of Nepalese Chambers of Commerce & Industry (FNCCI) & Samriddhi, The Prosperity Foundation. (2012). Nepal Economic Growth Agenda (NEGA) 2012. Kathmandu: FNCCI & Samriddhi Foundation.

Doing Business (2013). Ease of Doing Business in Nepal. Retrieved June 27, 2013, from http://www.doingbusiness.org/data/exploreeconomies/nepal/

Gautam, P. (2012, April 22). Empty promises: POLITICS OF FOREIGN AID. Retrieved June 28, 2013, from http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=34163

Ghimire, P. (2012, September 20). Government opens to lease and contract farming.Republica. Daily [Kathmandu].

Gilber, C. L., Irwin, G., Vines, D. (2000). International Financial Architecture, Captial Control Convertability and Poor Developing Countries. Oversea Development Institute, viewed on 26th June 2013 from http://www.odi.org.uk/sites/odi.org.uk/files/odi-assets/events-documents/3430.pdf

Gwartney, Lawson, J., & Hall, R. (2011). Economic Freedom of the World : 2011 Annual Report. Retrieved from Fraser Institute website: http://www.freetheworld.com/

Kirkpatrick, C., Parker, D., & Zhang, Y. (2006, April). reign Direct Investment in Infrastructure in Developing Countries: Does Regulation Make a Difference?. Transnational Corporations, 15(1). Viewed on 26th June from https://www.kpmg.com/US/en/IssuesAndInsights/ArticlesPublications/Documents/investing-in-vietnam.pdf

Manju, V. (2012, March 6). Indians, Chinese big spending tourists. Times of India [New Delhi].

Ministry of Agricultural Department (2012). Agricultural Development Strategy-Assessment Report. Retrieved from http://www.unescap.org/tid/publication/indpub2306_chap3.pdf

Ministry of Industry (2013). Agricultural Development Strategy-Assessment Report. Retrieved from http://www.unescap.org/tid/publication/indpub2306_chap3.pdf

Neumayer, E., & Spess, L. (2005). Do Bilateral Investment Treaties Increase Foreign Direct Investment to Developing Countries?. UK: London School of Economics and Political Science.

Poudyal, P. M. (2013). Investment Opportunities in Nepal. Retrieved May 28, 2013, from http://www2.liu.edu/cwis/cwp/library/workshop/citapa.htm

Project Atlas (n.d.). India's Students Overseas. Retrieved May 30, 2013, from http://www.iie.org/en/Services/Project-Atlas/India/Indias-Students-Overseas

Ramkishen, R. (2004, January 3). Measures to Attract Foreign Direct Investment: Investment Promotion, Incentives. Economic and Political Weekly, (39), 12-16. Retrieved on June27, 2013 from http://articles.timesofindia.indiatimes.com/2012-03-06/india/31126478_1_indian-tourist-german-tourist-british-tourists

Rijal, P. (2013, May 30). Attracting Foreign Direct Investment in Nepal [Web log post]. Retrieved from http://econitynepal.com/?p=12

Sapkota, C. (2011, August 1). FDI inflows to Nepal, 1990-2010 [Web log post]. Retrieved from http://sapkotac.blogspot.com/2011/08/fdi-inflows-to-nepal-1990-2010.html

Sendaratne, N. (2011, May 29). The importance of Foreign Direct Investment: Imperatives for Economic Development. The Sunday Times. Retrieved on June 28, 2013 from http://www.sundaytimes.lk/110529/Columns/eco.html

The Himalayan Times (2011, May 25). Students going abroad take away Rs 27 b from Nepal. The Himalayan Times [Kathmandu]. Retrieved on May 30, 2013 from http://www.thehimalayantimes.com/fullNews.php?headline=Students+going+abroad+take+aay+Rs+27+b+frowm+Nepal+&NewsID=289277

The Heritage Foundation (2013). 2013 Index of Economic Freedom. Retrieved June 25, 2013, from http://www.heritage.org/index/country/malaysia

Transparency International (2012). Corruption Preception Index 2012. Retrieved June 27, 2013, from http://cpi.transparency.org/cpi2012/results/

Tretter, & Blake (2013). The Effect of Myanmar's Foreign Investment Policies on FDI Inflows: An Analysis of Panel Data across ASEAN Member Countries.

UNCTAD (2012). Global Investment Trend, World Investment Report 2012. Retrieved 24 June, 2013 from http://www.unctad-docs.org/files/UNCTAD-WIR2012-Chapter-I-en.pdf

UNCTAD. http://unctad.org/en/Docs/iteipcmisc3_en.pdf

UNCTAD (2007). World Investment Prospects Survey 2007-2009. United Nations: New York and Geneva.

United Nations Department of Economic and Social Affairs and the Committee for Development Policy Secretariat. (2012). 'Nepal', Survey on International Support Measure specific to the Least Developed Countries (LDCs) related to WTO Provisions and Preferential Market Access, United Nations Department of Economic and Social Affairs. Retrieved June 26, 2013, from esango.un.org/ldcportal/documents/10179/.../summary_results_nepal.pdf

Wagle,B. , Shrestha, P., Thapa, P. J., (2012). Review of Agriculture Sector & Policy Measures for Economic Development in Nepal. Kathmandu: Samriddhi, The Prosperity Foundation.

WTO (2012). Trade Policy Review: Nepal. Retrieved June 25, 2013, from https://www.wto.org/english/tratop_e/tpr_e/g257_e.doc

WTO (2013a). Nepal and the WTO. Retrieved June 23, 2013, from http://www.wto.org/english/thewto_e/countries_e/nepal_e.htm

WTO (2013b). Trade and Investment. Retrieved June 23, 2013, from http://www.wto.org/english/tratop_e/invest_e/invest_e.htm

# अनुसूचीहरु

## अनुसूची १: नेपालका प्रतिस्पर्धी देशहरुमा प्रत्यक्ष वैदेशिक लगानीसाग सम्बन्धित नीतिगत व्यवस्था

| नीतिगत क्षेत्र : वैदेशिक पुँजीमा स्वामित्वको सहभागिता | |
|---|---|
| बङ्गलादेश | • पूर्ण स्वामित्व (१०० प्रतिशत) |
| भारत | • अधिकांश उद्योगमा ५१ प्रतिशत सम्म ।<br>• साना लगानीका लागि छुट्याईएका उद्योगहरुमा २४ प्रतिशत सम्म ।<br>• विद्युत, ईलेक्ट्रोनिक्स तथा सफ्टवेयर प्रविधि जस्ता निर्यातमुखी उद्योगमा १०० प्रतिशत । |
| नेपाल | • प्राय सबैजसो आर्थिक क्षेत्रमा १०० प्रतिशत । |
| भियतनाम | • प्राय सबैजसो आर्थिक क्षेत्रमा १०० प्रतिशत ।<br>• सरकारी लिमिटेड कम्पनीहरुमा ४९ प्रतिशत । |
| श्रीलङ्का | • प्राय सबैजसो आर्थिक क्षेत्रमा १०० प्रतिशत । |
| बङ्गलादेश | • स्वतन्त्र व्यापार क्षेत्र (फ्री ट्रेड जोन)मा स्थापित उद्योगहरुलाई कर छुट दिने (त्यस क्षेत्रमा ३ देखि ७ वर्ष सम्म आधार बनाएर बसेका आधारमा दिईने कर छुट) ।<br>• उद्योगका लागि आवश्यक पर्ने आवश्यक पार्टपूर्जा, यन्त्र तथा मेशिनरीहरुको खरिदमा आयात शुल्कमा कटौती ।<br>• रोयल्टीमा कर छुट, वैदेशिक ऋणमा व्याज दिने, शेयर हस्तान्तरण गर्दा पुँजीगत लाभ दिने ।<br>• सबै निर्यातकर्तालाई आयात शुल्कमा छुट । |

| नीतिगत क्षेत्र : वित्तिय सुविधा | |
|---|---|
| भारत | • १०० प्रतिशत निर्यात व्यवसाय गर्ने संस्थालाई उद्योग स्थानपनाको पााच वर्ष सम्म कर्पोरेट आयकरमा छुट ।<br>• निर्यातका लागि बैंकबाट लिईएका वित्तिय सुविधाहरुको व्याज दरमा विशेष छुट ।<br>• दोहोरो कर सम्झौता अन्तर्गत कर सुविधा ।<br>• शतप्रतिशत निर्यात गर्ने एकाईलाई आयकर छुट र निर्यात प्रशोधन क्षेत्रमा रहेका एकाईहरुलाई १० वर्ष सम्म कर छुट । |
| नेपाल | • वैदेशिक ऋणबाट कमाएको व्याजमा आयकर नलिने । विद्युत, कृषि, वन र खनिज क्षेत्रमा ५ वर्ष देखि व्यवसायिक उत्पादन र वस्तु उत्पादनको क्षेत्रमा कार्यरत उद्योगलाई राष्ट्रिय प्राथमिकता दिने । |
| नीतिगत क्षेत्र : वित्तिय सुविधा | |
| भियतनाम | • विविधकृत भ्याट प्रणाली<br>–निर्यात सामाग्रीमा शून्य प्रतिशत<br>–अत्यावश्यक सामाग्रीमा ५ प्रतिशत<br>–भ्याटको दायरामा नआउने भनि नछुटयाईएका गतिविधिहरुमा १० प्रतिशत<br>–गैर आवासिय भियतनामीहरुका लागि खुला २० प्रतिशत<br>• अन्य आयकर शुल्क चाँहि ५, १०, १५, २०, २५, ३० र ३५ प्रतिशत सम्म छन् । |

| | |
|---|---|
| श्रीलङ्का | • लगानी गरेको पुँजी, रोजगारी सिर्जना र परिवर्त्य वैदेशिक मुद्रा आर्जन गर्ने क्षमताको आधारमा ५ देखि २० वर्षसम्म कर वर्ष छुट दिने ।<br>• निर्यातमूलक वस्तु उत्पादनका लागि गरिने पुँजीगत सामग्री र कच्चा पदार्थको आयात शुल्कमा छुट ।<br>• आयात र निर्यात नियन्त्रण ऐन मार्फत व्यवस्था भएका प्रावधानमा कर छुट । |

| नीतिगत क्षेत्र : लगानी र पुँजी फिर्ता हुने | |
|---|---|
| बङ्गलादेश | • मूलधन र लाभांश  फिर्ता लैजान पाउने |
| भारत | • वैदेशिक लगानीको मूलधन, त्यसबाट कमाएको मुनाफा र कर तिरे पछिको डिभिडेण्ड फिर्ता लैजान पाउने<br>• उपभोक्ता सामग्री उत्पादनको सीमित सूचीमा परेको एकाईले ७ वर्षसम्म निर्यातबाट कमाएको रकमसाग लाभांश मिलान हुने गरी कमाएको रकम फिर्ता लैजान पाउने |
| नेपाल | • केही प्रतिबन्धहरु सहित मूलधन र लाभांश फिर्ता लै जान पाउने |
| भियतनाम | • कमाएको नाफा फिर्ता गर्न सकिने<br>• लाभांशमा कर नलाग्ने |
| श्रीलङ्का | • नाफा र लाभांश फिर्ता लैजान पाउने |

| नीतिगत क्षेत्र : पूर्वाधार सुविधा | |
|---|---|
| बङ्गलादेश | • एक्सपोर्ट प्रोसेसिाग जोन (निर्यात संसाधन क्षेत्र) उपलब्ध हुने ।<br>• औद्योगिक क्षेत्रमा सापेक्षिक रुपमा न्यून मूल्यमा जमिन लिन पाउने, जसमा विद्युत, ग्याास, पानी र ढल निकासको सुविधा उपलब्ध हुने । |
| भारत | • एक्सपोर्ट प्रोसेसिंग जोन (निर्यात संसाधन क्षेत्र) उपलब्ध हुने ।<br>• विदेशी कम्पनीले पनि आफ्नो व्यवसाय संचालन गर्न आवश्यक पर्ने अचल सम्पत्ति खरिद गर्न सक्ने ।<br>• भारतीय मूलका विदेशी नागरिकले पनि भारतमा कुनै पनि किसिमको अचल सम्पत्ति खरिद गर्न पाउने तर कृषि भूमि, फार्म हाउस र हरियाली क्षेत्र खरिद गर्न पाउने छैनन् । |
| नेपाल | • एक्सपोर्ट प्रोसेसिाग जोन (निर्यात संसाधन क्षेत्र) उपलब्ध हुने ।<br>• देशका ११ वटा जिल्लामा विकसित गरिएको औद्योगिक क्षेत्रमा सुलभ दरमा जमिन भाडामा लिन पाउने । यसका साथमा आवश्यक पर्ने विद्युत, पानी लगायतका सुविधा उपभोग गर्न पाउने ।<br>• विदेशी नागरिकले जमिन र भवन (घर टहरा) खरिद गर्न नपाउने ।<br>• तर कम्पनीको नाममा जमिन र घर खरिद गर्न पाउने । |

| | |
|---|---|
| भियतनाम | • एक्सपोर्ट प्रोसेसिँग जोन (निर्यात संसाधन क्षेत्र) उपलब्ध हुने ।<br>• विदेशी लगानीकर्ताले सरकारसाग प्रत्यक्ष सम्झौता गरेर निश्चित समयका लागि सरकारी जमिन भाडामा लिन पाउने । |
| श्रीलङ्का | • एक्सपोर्ट प्रोसेसिाग जोन (निर्यात संसाधन क्षेत्र) उपलब्ध हुने । |

अनुसूची २: नेपालको प्रमुख आर्थिक/विकास क्षेत्रका विशेष चुनौतीहरु

| क्र.सं | आर्थिक / विकास क्षेत्र | मूख्य चुनौतीहरु |
|---|---|---|
| १ | जलविद्युत | • भारतसाग विद्युत व्यापार सम्झौता (पावर ट्रेड एग्रीमेन्ट)को अभाव<br>• पुँजीको सार्वभौम सुनिश्चितताको अभाव<br>• आयोजना विकास सम्झौता (प्रोजेक्ट डेवलपमेन्ट एग्रीमेन्ट, पीडीए)को अभाव |
| २ | कृषि | • यान्त्रिकीकरणका लागि विद्युतको अभाव<br>• कृषि व्यवसाय ऐन निर्माणमा ढिलाई |
| ३ | पर्यटन | • क्षेत्रीय विमानस्थलको अभाव<br>• खराब भौतिक पूर्वाधार<br>• सहयोगी उद्योगमा करको दरमा सुविधाको अभाव<br>• कमसल प्रविधि |
| ४ | सूचना प्रविधि | • प्रविधि र सीपको अभाव<br>• लगानीमा सीमा |
| ५ | शिक्षा | • प्रविधि र सीपको अभाव |

## अनुसूची ३:
## प्रत्यक्ष वैदेशिक लगानीको क्षेत्रमा : नीतिगत सुधारको दोस्रो चरणतर्फ विषयक अनुसन्धान गर्दा सम्पर्क गरिएका व्यक्तित्वहरुको नामावली

| क्र.सं | नाम | संलग्नता |
|---|---|---|
| १ | श्री नरबहादुर थापा | निर्देशक, नेपाल राष्ट्र बैंक |
| २ | श्री टिका राई | म्याग्नस कन्सल्टिंग ग्रुप |
| ३ | श्री शशी सागर राजभण्डारी | पूर्व निर्देशक, नेपाल विद्युत प्राधिकरण |
| ४ | श्री उमेशराज पौडेल | चार्टर्ड एकाउन्टेन्ट |
| ५ | श्रीमती आना मारिया | फायर एण्ड आईस रेष्टोरेन्ट |
| ६ | श्री विमलप्रसाद वाग्ले | अध्यक्ष, पीईडीबी |
| ७ | श्री आशय ठाकुर | निर्देशक, डियरवाल्क |
| ८ | श्री गुरु न्यौपाने | संयोजक,ऊर्जा सेल, नेपाल उद्योग परिसंघ, सीएनआई |
| ९ | श्री कृष्ण आचार्य | उपसचिव, नेपाल लगानी बोर्ड |
| १० | श्री साकार पुडासैनी | निर्देशक, लर्निंग ल्यावस् |
| ११ | श्री सन्तोष कोईराला | वरिष्ठ वित्तिय अधिकृत |
| १२ | सुश्री सिर्जना भट्टराई | प्रवर्द्धन विशेषज्ञ, नेपाल लगानी बोर्ड |
| १३ | श्री सुजित आचार्य | अध्यक्ष, एनर्जी डेभलपमेन्ट काउन्सिल |
| १४ | श्री कृष्ण के.सी | नेपाल राष्ट्र बैंक |
| १५ | डा. डी.बी. शाक्य | निट प्रोजेक्ट (एनईएटी प्रोजेक्ट) |
| १६ | श्री नारायण आचार्य | सह–सचिव, उद्योग मन्त्रालय |
| १७ | श्री मधुकर शमसेर जंगबहादुर राणा | पूर्व अर्थ मन्त्री |
| १८ | श्री सन्तोष कोईराला | भेरिस्क |

| | | |
|---|---|---|
| १९ | श्री अजय प्रधानाङ्ग | एनवाईईएफ |
| २० | श्री अनुपकुमार श्रेष्ठ | उपनिर्देशक, नेपाल उद्योग वाणिज्य महासंघ |
| २१ | श्री गोपाल कोईराला | उपसचिव, उद्योग मन्त्रालय |
| २२ | श्री संजीव सुब्बा | प्रमुख कार्यकारी अधिकृत, एनबीटिआई |
| २३ | श्री प्रभुमान सिंह | नीति  फाउण्डेशन |
| २४ | श्री सुवास थापा | बिईईडी |
| २५ | डा. चिरञ्जिवी नेपाल | वरिष्ठ आर्थिक सल्लाहकार,अर्थ मन्त्रालय |
| २६ | श्री दीपक घिमिरे | कानून अधिकृत, उद्योग विभाग |
| २७ | श्री अनिल शाह | प्रमुख कार्यकारी अधिकृत, मेगा बैंक |
| २८ | डा. हेमन्त दवाडी | कार्यकारी निर्देशक, नेपाल उद्योग वाणिज्य महासंघ |
| २९ | श्री असगर अली | एफ वान, सफ्ट |
| ३० | श्री सुवास शर्मा | एफ वान, सफ्ट |
| ३१ | श्री सुरज वैद्य | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ |
| ३२ | श्री भाष्कर राज राजकर्णिकार | वरिष्ठ उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ |
| ३३ | श्री पशुपति मुरारका | उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ |
| ३४ | श्री ताना गौतम | पूर्व सचिव, नेपाल सरकार |
| ३५ | श्री पुरुषेत्तम ओभ्रा | पूर्व सचिव, नेपाल सरकार |
| ३६ | श्री सुवर्णदास श्रेष्ठ | अध्यक्ष, स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल |

# समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन
# एक परिचय

समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन एक स्वतन्त्र, गैर राजनीतिक, नाफा वितरण नगर्ने शैक्षिक तथा अनुसन्धानमूलक संस्था हो । काठमाँडौस्थित यस फाउण्डेशनले सार्वजनिक नीतिहरुमा सन् २००८ देखि अध्ययन तथा अनुसन्धान गर्दै आइरहेको छ ।

लोकतान्त्रिक मूल्य तथा मान्यता प्रर्वद्धन र नेपालको आर्थिक वृद्धिका विषयमा सक्रिय भएर काम गर्दै आएको यस संस्थाले अर्थ-राजनीतिक सन्दर्भका निम्न चार विषयहरुमा अनुसन्धान तथा प्रकाशन, शिक्षण तथा तालिम लगायत बहस, पैरवी र सार्वजनिक सहभागिताका कार्यक्रमहरु संचालन गर्दछ :

१) उद्यमशीलता विकास
२) व्यवसायिक वातावरणमा सुधार
३) आर्थिक नीति सुधार
४) लोकतन्त्रका विषयमा छलफल तथा बहस

यस संस्थाले आर्थिक समृद्धि संभव बनाउने एक महत्वपूर्ण यन्त्रका रुपमा उद्यमशीलतालाई पहिचान गर्छ । तसर्थ, उद्यमशीलता लगायत माथि उल्लेखित अन्य विषयहरुमा हाते पुस्तक, विभिन्न पाकेटबुक, छलफल पत्रहरु, लेखहरु, सम्बद्ध नीतिहरुको विश्लेषण र उक्त विषलेषणमा आधारित नीति पत्रहरु लगायतका प्रकाशनहरु समृद्धि फाउण्डेशनले निकाल्ने गर्दछ । त्यसै गरी आर्थिक वृद्धिका क्षेत्रमा सन् २०११ मा नेपालको आर्थिक वृद्धि र निजी क्षेत्र तथा सन् २०१२ मा नेपालको आर्थिक वृद्धिका प्रमुख चुनौतीहरुमा केन्द्रित रहेर विभिन्न विज्ञहरुद्वारा विश्लेषण गरी लेखिएका लेखहरुको संग्रहको वार्षिक रुपमा यस संस्थाले प्रकाशन गदर्छ ।

यसबाहेक समृद्धि फाउण्डेशनले नेपालको आर्थिक वृद्धिका विभिन्न पक्षरुमा पनि क्षेत्रगत अध्ययन तथा अनुसन्धान गर्दछ । हरेक वर्ष आर्थिक विकास तथा व्यवसायहरु सम्बन्धी तथ्याङ्कहरु पनि सार्वजनिक गर्ने काम यस संस्थाले गर्दै आइरहेको छ। क्यानडाको फ्रेजर इन्सिटयुटले वार्षिक रुपमा प्रकाशन गर्ने आर्थिक स्वतन्त्रताको विश्व प्रतिवेदन तथा वासिङटनस्थित प्रपर्टी राइट अलायन्सले प्रकाशन गर्ने अन्तराष्ट्रिय सम्पत्तिको अधिकार सम्बन्धी सूचाङ्क तथा अन्य सान्र्दभिक प्रतिवेदन, लेख तथा तथ्याङ्कहरु वार्षिक रुपमा समृद्धि फाउण्डेशनले नेपालमा सार्वजनिक गर्दै आएको छ ।

यी बाहेक सन् २००८ देखि संचालन भईरहेको अर्थतन्त्र तथा उद्यमशीलतासम्बन्धी पाँच दिने आवासीय विद्यालय "अर्थालय", सफल उद्यमीहरुको सफलताको यात्राको बारे सुन्दै उनीहरुको अनुभवबाट सिक्ने मौका प्रदान गर्ने मासिक कार्यक्रम "उद्यमीसँग महिनाको अन्तिम बिहिबार", वार्षिक रुपमा यस संस्थाले तयार पार्ने "नेपाल आर्थिक विकास एजेण्डा" आदि यस संस्थाका केही महत्वपूर्ण र परिचित कार्यक्रमहरु हुन्। यसका साथै समृद्धि फाउण्डेशनले "गरी खान देऊ" जस्तो अत्यन्त सफल राष्ट्रिय अभियानको सचिवालय पनि संचालन गर्दछ । विधिको शासन, जीउ धनको सुरक्षा र आफूले रोजेको उद्यम व्यवसायमा स्वतन्त्रतापूर्वक लाग्न पाउने तीन अवस्थालाई गरी खान पाउने देशको पूर्वावस्था मानी यस अभियानले व्यवसायीक वातावरण सुधार गर्नतर्फ जोड दिन्छ ।

थप जानकारीका लागिः
समृद्धि, द प्रोस्पेरिटी फाउन्डेशन
४१६, भीमसेनगोला मार्ग, मीनभवन, खरिबोट
पोस्ट बक्स नं. : ८९७३, एन. पि. सी. ६७८
काठमाडौं, नेपाल

फोन : (+९७७ १) ४४६ ४६१६/४४८ ४०१६
फ्याक्स : (+९७७ १) ४४८ ५३९१

इमेलः info@samriddhi.org
वेबसाइट : www.samriddhi.org

# समृद्धिका अन्य प्रकाशनहरु

०१. Towards Enterprise Building in Nepal

०२. Towards Enterprise Building in Nepal (Vol. II)

०३. उद्यमशीलता विकास : हाते पुस्तिका

०४. Economic Growth: a pocketbook series

i. आर्थिक स्वतन्त्रता

ii. उद्यमशीलता विकासमा बजारको भूमिका

iii. बजारका गुणहरु

iv. Role of Rule of Law in Enterprise Building

v. Role of Government in Enterprise Building (Vol. I)

vi. Role of Government in Enterprise Building (Vol. II)

०५. Economic Growth and The Private Sector of Nepal

०६. दासत्वको बाटो (Nepali Translation of "The Road to Serfdom")

०७. Nepal Economic Growth Agenda (NEGA), Report 2012

०८. Critical Constrains to Economic Growth of Nepal

०९. Investment Prospects and Challenges for Hydropower Development in Nepal

१०. Review & Overview of Economic Contribution of Education in Nepal

११. Private Sector Participation in Transport Infrastructure Development in Nepal

१२. Review & Overview of Economic Contribution of Tourism Sector in Nepal

१३. Review of Agriculture Sector & Policy Measures for Economic Development in Nepal

१४. Contract Enforcement: The Practicalities of Dealing with Commercial Disputes in Nepal

१५. Foreign Direct Investment: Towards Second Generation of Reforms

१६. स्वतन्त्र समाजका विचारहरु : एक परिचय

उल्लेखित प्रकाशनहरु समृद्धि, द प्रोस्पेरिटी फाउन्डेशन तथा विभिन्न पसलहरुमा उपलब्ध छन ।

‘Foreign Direct Investment: Towards Second Generation of Reforms’ is one among six research paper series prepared for the Nepal Economic Growth Agenda (NEGA), 2013. NEGA is an annual constraints analysis performed by Samriddhi Foundation to identify, deliberate and offer policy alternatives to existing policy bottlenecks that hinder Nepal’s economic growth.

After NEGA 2012 identified five growth sectors of the Nepalese economy viz. agriculture, education, tourism, hydropower and infrastructure, NEGA 2013 focuses on researching cross-cutting issues that affect growth in all these sectors and hinders Nepal’s economic growth process. The cross – cutting issues covered by NEGA 2013 are industrial relations, contract enforcement, anti-competitive practices, foreign direct investment, public enterprises and regulatory environment for businesses.

The first generation of reforms in foreign direct investment took place in the form of Foreign Direct Investment and Technology Transfer Act of 1992. This act sought to ease up the process of FDI in Nepal focusing on entry and exit mechanisms. It also opened up several sectors previously barred from FDI while maintaining a small negative list. However, it has been more than twenty years since this reform and owing to the growth of FDI in emerging markets especially in Asia, it is time for Nepal to embark on the second generation of reforms. This paper is an attempt to identify challenges that Nepal faces in terms of attracting FDI and to develop a framework for the second generation of reforms.

**Samriddhi, The Prosperity Foundation**

P. O. Box: 8973, NPC 678
416, Bhimsengola Marga, Minbhawan Kharibot
Kathmandu, Nepal
Tel.: (+977)-1-446-4616/448-4016
Fax: (+977)-1-448-5391
E-mail: info@samriddhi.org

www.samriddhi.org